# छात्राहरूको शिक्षामा सामाजिक तथा आर्थिक अवस्थाले पारेको प्रभाव

(पर्वत जिल्लाको कुस्मा नगरपालिका, पाङमा आधारित मानवशास्त्रीय अध्ययन)

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत पृथ्वीनारायण क्याम्पस, मानवशास्त्र विभाग स्नातकोत्तर तह दोस्रो वर्षको मानवशास्त्र विषयको आंशिक आवश्यकता पुरा गर्न तयार पारिएको

**शोधपत्र**


**शोधकर्ता**

पवित्रा के.सी.

रोल नं. : ९०/०७० (क)

त्रि.वि. दर्ता नं. ६-२-४८-१५२-२०१०


त्रिभुवन विश्वविद्यालय

मानविकी तथा सामाजिक शास्त्र सङ्काय

मानवशास्त्र विभाग

पृथ्वीनारायण क्याम्पस

पोखरा

२०७४


छात्राहरूको शिक्षामा सामाजिक तथा आर्थिक अवस्थाले पारेको प्रभाव

पवित्रा के.सी.

२०७४

# सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत मानवशास्त्र विषयअन्तर्गत मानवशास्त्र विभागद्वारा निर्धारित पाठ्यक्रमअनुसार स्नातकोत्तर तह द्वितीय वर्षको शोधपत्र परिपूर्तिका लागि शोधकर्ता छात्रा **पवित्रा के.सी.**ले **छात्राहरुको शिक्षामा सामाजिक तथा आर्थिक अवस्थाले पारेको प्रभाव (पर्वत जिल्लाको कुस्मा नगरपालिका, पाङमा आधारित मानवशास्त्रीय अध्ययन)** शीर्षकको शोधपत्र मेरो प्रत्यक्ष सुझाव र निर्देशनमा तयार गर्नुभएको हो । यो शोधपत्रप्रति सन्तुष्टि प्रकट गर्दै यसको समुचित मूल्याङ्कन तथा स्वीकृतिका लागि मानवशास्त्र विभाग, शोधपत्र मूल्याङ्कन समितिसमक्ष सिफारिस गर्दछु ।

________________

शरदकुमार पौडेल

शोध निर्देशक

मानवशास्त्र विभाग

पृथ्वी नारायण क्याम्पस, पोखरा

मिति : २०७४ फाल्गुन ९

(सन् २०१८ फेब्रुअरी २१)

# स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय मानवशास्त्र विषयको स्नातकोत्तर तहको पाठ्यक्रमअनुरूप **पवित्रा के.सी.**द्वारा तयार गरिएको **पवित्रा के.सी.**ले **छात्राहरुको शिक्षामा सामाजिक तथा आर्थिक अवस्थाले पारेको प्रभाव** (**पर्वत जिल्लाको कुस्मा नगरपालिका, पाङमा आधारित मानवशास्त्रीय अध्ययन**) शीर्षकको यस शोधपत्रलाई देहायको मूल्याङ्कन समितिबाट स्वीकृति प्रदान गरिएको छ ।

**शोधपत्र मूल्याङ्कन समिति**

....................................

शरदकुमार पौडेल

शोध निर्देशक

..........................................

डा. प्रकाश उपाध्याय

बाह्य परीक्षक

........................................

सूर्यभक्त सिग्देल

विभागीय प्रमुख

मिति : २०७४ फाल्गुन ९

(सन् २०१८ फेब्रुअरी २१)

# कृतज्ञता ज्ञापन

त्रिभुवन विश्वविद्यालय, पृथ्वीनारायण क्याम्पस, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत मानवशास्त्र विषयको स्नातकोत्तर तह दोस्रो वर्षको आंशिक आवश्यकता पूरा गर्न **छात्राहरुको शिक्षामा सामाजिक तथा आर्थिक अवस्थाले पारेको प्रभाव (पर्वत जिल्लाको कुस्मा नगरपालिका, पाङमा आधारित मानवशास्त्रीय अध्ययन**) शीर्षकमा यो शोधपत्र तयार पारिएको छ ।

प्रस्तुत शोधपत्र तयार गर्न प्रारम्भदेखि अन्त्यसम्म नियमित सुपरिवेक्षण, मार्गदर्शन र अमूल्य सुझाव दिई सहयोग गर्नु हुने शोध निर्देशक आदरणीय गुरु शरदकुमार पौडेलज्यूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । त्यस्तै गरी मलाई यो शोधपत्र तयार गर्नका लागि बाह्य निरीक्षकको रूपमा अमूल्य सल्लाह एवम् सुझाव दिनुहुने आदरणीय गुरु डा. प्रकाश उपाध्यायप्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु । यस शोधपत्रलाई आवश्यक सुझाव र स्वीकृति प्रदान गर्नुहुने मानवशास्त्र विभागका विभागीय प्रमुख सूर्यभक्त सिग्देलज्यू एवम् सल्लाह, सुझाव, हौसला र प्रेरणा प्रदान नर्गुहुने मानवशास्त्र तथा समाजशास्त्र विभागका सम्पूर्ण गुरुहरूप्रति आभारी छु । साथै अन्य सामग्रीहरु उपलब्ध गराइ दिनु हुने पश्चिमाञ्चल क्षेत्रीय पुसतकालयका प्रमुख तथा अन्य सहयोगी कर्मचारीहरूप्रति पनि धन्यवाद ज्ञापन गर्दछु ।

यस अध्ययनको सिलसिलामा अध्ययन क्षेत्रमा तथ्याङ्क सङ्कलन गर्ने क्रममा जवाफ दिनुहुने सम्पूर्ण छात्राहरु, विद्यालय परिवार, अभिभावक, विद्यालय व्यवस्थापन समितिप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । उहाँहरुको सहयोग विना यो शोधपत्र अधुरो हुने थियो । यसै गरी यो शोधपत्र तयार गर्ने क्रममा महत्त्वपूर्ण सल्लाह, सुझाव र आवश्यक सामग्री जुटाइ सहयोग गर्नुहुने सम्पूर्ण मित्रजनहरुलाई पनि हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । मलाई स्नातकोत्तर तहसम्मको अध्ययनमा सहयोग गर्ने मेरा बुबा, आमा, दाजु, भाइप्रति पनि आभारी छु । अन्त्यमा यस शोधपत्रलाई कम्प्युटर टाइप गरीदिनुहने श्रेष्ठ कम्प्युटर सर्भिस नदीपुरलाई पनि धन्यवाद व्यक्त गर्न चाहन्छु ।

मिति : २०७४ फाल्गुन ९ (सन् २०१८ फेब्रुअरी २१)

पवित्रा के.सी.
रोल नं. : ९०/०७० (क)
त्रि.वि. दर्ता नं. ६-२-४८-१५२-२०१०
मानवशास्त्र विभाग, पृथ्वीनारायण क्याम्पस, पोखरा

# शोधसार


यस शोधपत्र श्री पाङ धैरेनी माध्यमिक विद्यालयमा अध्ययनरत छात्राहरुको शिक्षामा सामाजिक तथा आर्थिक अवस्थाले पारेको प्रभावको मानवशास्त्रीय अध्ययन हो । यो पर्वत जिल्लाको कुश्मा नगरपालिका पाङ-१, धैरेनी माध्यमिक विद्यालयमा अध्ययनरत २५६ विद्यार्थी सङ्ख्या मध्ये कक्षा ८-१० सम्म जम्मा ७९ रहेकोमा ३२ छात्राहरु र तिनका अभिभावकहरु उत्तरदाताका रूपमा यस अध्ययनका लागि छनोट गरिएको छ ।

नेपाल एउटा सानो हिमाली भूपरिवेष्ठित बहुजातीय, बहुसांस्कृतिक, बहुभाषिक राष्ट्र हो । मानव सभ्यताको विकाससँगै शिक्षा क्षेत्रमा विकास भइरहेको छ । व्यक्तिको सामाजिक रूपमा सहयोग गर्नु शिक्षाको प्रमुख उद्देश्य हो । नेपालको शिक्षामा लैङ्गिक विभेद देखिएको छ । यस अध्ययनमा निम्न उद्देश्य रहेका छन् ।

सामान्य उद्देश्य अन्तर्गत छात्रा शिक्षामा सामाजिक तथा आर्थिक अवस्थाले पारेको प्रभाव अध्ययन गर्नु र विशिष्ट उद्देश्य अन्तर्गत छात्राको शिक्षामा सामाजिक तथा आर्थिक पक्षको प्रभाव विश्लेषण गर्नु हो । छात्राहरुको शिक्षाको वर्तमान अवस्था पहिचान गर्नु, छात्राको शिक्षामा अभिभावकहरुको अवधारणा बारे अध्ययन गर्ने रहेको छ ।

यस शोधपत्रमा श्री पाङ धैरेनी मा.वि. मा अध्ययनरत छात्राहरुको शैक्षिक, सामाजिक, आर्थिक स्थिति पत्ता लगाई शैक्षिक स्तरलाई मापन गरी सैद्धान्तिक विश्लेषण र व्याख्याको लागि लैङ्गिक अवधारणामा विवरणात्मक र वर्णनात्मक रूपमा तथ्यहरु सङ्कलन गरी विभिन्न पूर्व अध्ययनको समीक्षा गरिएको छ । यस शोधमा प्राथमिक तथा द्वितीय दुवै खालको तथ्याङ्क सङ्कलन गरिएको छ । आवश्यकताअनुसार संख्यात्मक तथा गुणात्मक तथ्याङ्क सङ्कलन गरिनुका साथै व्याख्या र विश्लेषण गरिएको छ ।

यस शोधपत्रमा अध्ययन गरिएको क्षेत्रको भौगोलिक बनावट, पहाडी र सदरमुकामदेखि पश्चिम ग्रामीण क्षेत्र विकासको पूर्वाधार खानेपानीको समस्या भएको पाइयो । संयुक्त परिवार ४४.४४ प्रतिशत र एकल पविरार ५५.५६ प्रतिशत रहेको पाइयो । छात्राहरुको अभिभावक कृषि पेशामा ६८.०६ प्रतिशत वैदेशकि रोजगारमा १६.६७ प्रतिशत आबद्ध रहेको पाइयो । ३४.७२ प्रतिशत अभिभावकले उत्पादन गरेको अन्नले

वर्षभरि खान नपुग्ने हुँदा ज्याला मजदुरी, नोकरी गरी आवश्यक अन्न किन्ने गरेको पाइयो । ८४.७२ प्रतिशत हिन्दु १५.२७ प्रतिशतले क्रिश्चियन धर्म मान्ने गरेको पाइयो । यस गाउँमा बौद्ध धम मान्ने मानिसहरूको सङ्ख्या पाइएन । अघिल्लो कक्षाबाट उत्तीर्ण हुँदा २६.३९ प्रतिशत प्रथम, ३८.८९ प्रतिशत द्वितीय र ३४.७२ प्रतिशत तृतीय श्रेणीमा उत्तीर्ण भएको पाइयो । घरायसी कार्यमा छात्रहरुभन्दा छात्राहरु बढी लाग्ने गरेको पाइयो । छात्राहरु सांस्कृतिक कार्यक्रममा बढी सहभागी हुने गरेको पाइयो । घर परिवार छिमेकमा छात्राहरुमा लैङ्गिक विभेद हुने गरेको पाइयो । बालमैत्री विद्यालय, स्वास्थ्य सेवाको बारेमा कम जानकारी भएको पाइयो । आय स्रोतका लागि बढी भएको अन्न बेच्ने, समूहमा बाखापालन, ज्याला मजदुरी, नोकरी, वैदेशिक रोजगारका साथै स्थानीय स्तरमा कोदोको रक्सी उत्पादन गरी बेच्ने गरेको पाइयो ।

घरको काम, अनियमित उपस्थिति, विद्यालयको दुरी टाढा, छात्राहरुमा महिनावारीको समस्या तथा शारीरिक समस्या र विवाहपछि अरूको घरमा जानु पर्ने कारणले पढाइमा ध्यान नदिने जस्ता शैक्षिक समस्या देखिन्छ । सामाजिक रूपमा भन्दा कृषि कार्य र भान्छामा केन्द्रित हुने गरेको देखिन्छ । विद्यालयमा निःशुल्क शिक्षा भएको हुँदा अभिभावकले घरायसी कामहरु धान रोप्ने, कोदो रोप्ने, मकै लगाउने, धान काट्ने, आदि कामका लागि विद्यालय नजान जवाफ दिने गरेको देखिन्छ । आर्थिक अवस्था कमजोर भएको कारणले घरायसी कार्यमा सहयोग गर्नु छात्राहरुको बाध्यता देखिन्छ । रुढिवादी संस्कृतिहरु, मूल्य, मान्यता समय सापेक्ष परिमार्जन गर्नुपर्ने देखिन्छ । छात्राहरुमा लैङ्गिक विभेद घर समाजमा देखिन्छ । विद्यार्थीलाई उपलब्ध गराउने भौतिक सुविधाहरुमध्ये स्वास्थ्य सेवाको समस्या देखिन्छ । परिवारमा स्वच्छ शैक्षिक वातावरण कायम नभएको, विद्यालयबाट घरको दुरी टाढा भएकोले स्तरीय शिक्षाको लागि भौतिक सुविधा भएको छात्रावासको व्यवस्था अति आवश्यक देखिन्छ ।

# विषय सूची


| | | पृष्ठ |
|---|---|---|
| सिफारिस पत्र | | II |
| स्वीकृति पत्र | | III |
| कृतज्ञता ज्ञापन | | IV |
| विषय सूची | | VI |
| तालिका सूची | | X |
| **अध्याय एक : परिचय** | | **१-६** |
| १.१ | अध्ययनको पृष्ठभूमि | १ |
| १.२ | अध्ययनको क्षेत्र | २ |
| १.३ | समस्याको कथन | ३ |
| १.४ | अध्ययनको उद्देश्य | ४ |
| १.५ | अध्ययनका सीमाहरू | ५ |
| १.६ | अध्ययनको औचित्य | ५ |
| १.७ | अध्ययन संरचना | ६ |
| **अध्याय दुई : पूर्व साहित्यिक पुनरावलोकन** | | **७-२५** |
| २.१ | अवधारणागत समालोचना | ७ |
| २.२ | सैद्धान्तिक समालोचना | ९ |
| २.३ | पूर्व साहित्य समीक्षा | १० |
| २.४ | लैङ्गिक पुनरावलोकन | १४ |
| | २.४.१ लैङ्गिक दृष्टिकोण | १४ |
| | २.४.२ नेपालमा शैक्षिक विकासको ऐतिहासिक पृष्ठभूमि | १६ |
| | २.४.३ नेपालमा छात्रा शिक्षाको ऐतिहासिक पृष्ठभूमि | १८ |
| | २.४.४ सबैका लागि शिक्षा राष्ट्रिय कार्ययोजना नेपाल (सन् २००१-२०१५) | १९ |

२.४.५ सामाजिक, सांस्कृतिक परिवर्तनको संवाहकको रूपमा शिक्षा २०
२.४.६ बालमैत्री विद्यालय २१
२.४.७ विद्यालय क्षेत्रका लैङ्गिक संवेदनशीलता २२
२.४.८ नेपालमा शिक्षाका विकृतिहरू २३
२.४.९ विद्यार्थी, शिक्षक र अभिभावकबीचको सम्बन्ध २३
२.५ साहित्यिक पुनरावलोकन २४
२.६ अवधारणात्मक ढाँचा २५

**अध्याय तिन : अध्ययनको विधि २६-३०**
३.१ अध्ययन क्षेत्रको सामान्य परिचय २६
३.२ अध्ययन क्षेत्रको छनौट र औचित्य २७
३.३ अनुसन्धान ढाँचा २८
३.४ तथ्याङ्कहरूको स्रोत एवम् प्रकृति २८
३.५ नमुना छनोट २९
३.६ तथ्याङ्क सङ्कलन विधि २९
३.७ तथ्याङ्क प्रस्तुतीकरण र विश्लेषण ३०

**अध्याय चार : छात्राहरूको सामाजिक तथा आर्थिक अवस्था ३१-३९**
४.१ अध्ययन क्षेत्र/अध्ययनको क्षेत्रको सामाजिक संरचना ३१
४.२ परिवारको संरचना ३२
४.३ पारिवारिक पेशा ३४
४.४ कृषि उत्पादन र त्यसले पुग्ने समय ३५
४.५ अभिभावकको आर्थिक स्थिति ३५
४.६ अभिभावकको शैक्षिक स्तर ३६
४.७ छात्राहरूको उमेर संरचना ३७
४.८ पारिवारिक भौतिक सुविधा ३८
४.९ छात्राहरूको पारिवारिक धर्म ३९

**अध्याय पाँच : छात्राहरूको शैक्षिक स्थिति** **४०-४७**
५.१ पाङमा रहेका विद्यालयको विवरण ४०
५.२ विद्यार्थी भर्ना विवरण ४१
५.३ छात्राहरूको भर्ना सङ्ख्या ४२
५.४ छात्राहरूको विगतको शैक्षिक उपलब्धि ४३
५.५ छात्राहरूको मनपर्ने विषय ४३
५.६ छात्राहरूलाई अभिभावकहरूबाट पढाइमा हुने सहयोग ४५
५.७ छात्राहरूमा सूचना प्रविधिको ज्ञान ४६

**अध्याय छ : छात्राहरूको शिक्षामा प्रभाव पार्ने तत्त्वहरू** **४८-५३**
६.१ भौगोलिक प्रभाव ४८
६.२ छात्राहरूको विद्यालय उपस्थितिमा सांस्कृतिक प्रभाव ४९
६.३ सामाजिक प्रभाव ५०
६.४ आर्थिक प्रभाव ५१
६.४.१ छात्राहरूको खर्च पाउने आधार ५२

**अध्याय सात : छात्राहरूको समस्या** **५४-५७**
७.१ शैक्षिक समस्या ५४
७.२ सामाजिक समस्या ५५
७.३ मनोवैज्ञानिक समस्या ५५
७.४ आर्थिक समस्या ५६
७.५ सांस्कृतिक समस्या ५६
७.६ लैङ्गिक समस्या ५६
७.७ विद्यालयमा स्वास्थ्य सेवाको समस्या ५७
७.८ छात्रावासको समस्या ५७

**अध्याय आठ : सारांश, निष्कर्ष र सुझाव** **५८-६२**
८.१ सारांश ५८
८.२ निष्कर्ष ६१
८.३ सुझाव ६२
सन्दर्भ सूची
अनुसूची

# तालिका सूची


| तालिका | शीर्षक | पृष्ठ |
|---|---|---|
| ४.१ | परिवारको विवरण | ३३ |
| ४.२ | परिवारको विवरण | ३३ |
| ४.३ | पारिवारिक पेशा विवरण | ३४ |
| ४.४ | पारिवारिक कृषि उत्पादन र त्यसले पुग्ने समय तालिका | ३५ |
| ४.५ | अभिभावकको आम्दानीको स्थिति | ३६ |
| ४.६ | छात्राहरूको अभिभावकको शैक्षिक स्थिति | ३७ |
| ४.७ | छात्राहरूको उमेर संचरना कक्षा ८ देखि १० सम्म | ३८ |
| ४.८ | छात्राहरूको पारिवारिक भौतिक सुविधा विवरण | ३८ |
| ४.९ | छात्राको पारिवारिक धर्म विवरण | ३९ |
| ५.१ | पाङमा भएका विद्यालयको विवरण | ४१ |
| ५.२ | श्री पाङ धैरेनी मा.वि. का विद्यार्थीहरूको विवरण २०७४ | ४२ |
| ५.३ | छात्राहरूको भर्ना विवरण | ४२ |
| ५.४ | छात्राहरूको अघिल्लो कक्षाको शैक्षिक उपलब्धि विवरण | ४३ |
| ५.५ | छात्राहरूले मन पराउने विषयको विवरण | ४४ |
| ५.६ | छात्राहरूले मन पराउने एकभन्दा बढी विषयको विवरण | ४५ |
| ५.७ | पढाइमा सहयोग विवरण | ४५ |
| ५.८ | छात्राहरूमा इमेल इन्टरनेटको ज्ञान | ४६ |
| ५.९ | छात्राहरूको जातीय विवरण | ४७ |
| ६.१ | छात्राहरूलाई विद्यालयसम्म आउँदा लाग्ने समय तालिका | ४८ |
| ६.२ | विद्यालयमा अनियमित हुनका कारण तथा सङ्ख्या | ४९ |
| ६.३ | छात्राको अभिभावकको वैवाहिक उमेर विवरण | ५१ |
| ६.४ | छात्राहरूको दैनिक खर्च विवरण | ५२ |
| ६.५ | छात्राहरूको खर्च पाउने आधार | ५३ |
| ७.१ | छात्राहरुको समस्याको विवरण | ५४ |

# अध्याय एक
# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

नेपाल एउटा सानो हिमाली विकासोन्मुख भूपरिवेष्ठित बहुभाषिक, बहुजातीय, बहुधार्मिक तथा बहुसांस्कृतिक राष्ट्र हो। विश्व मानचित्रमा ०.०३ प्रतिशत, एसिया महादेशमा ०.३ प्रतिशत भूभाग ओगटेको यस राष्ट्र भौगोलिक आधारमा हिमाल, पहाड, तराई गरी तीन भागमा र राजनैतिक रूपमा पाँच विकास क्षेत्र, १४ अञ्चल र ७५ जिल्लामा विभाजित छ। वि.सं. २०५८ सालमा २,३१,५१,४२३ रहेको जनसङ्ख्या २०६८ सालको जनगणनाअनुसार २,६४,९४,५०४ जनसङ्ख्या पुगेको छ। जसमा १,२८,४९,०४१ पुरुष र १,३६,४५,४६३ महिला रहेका छन्। पर्वत जिल्लाको पाङ भन्ने गाउँ कुश्मा सदरमुकामदेखि ७ किलोमिटर पश्चिममा रहेको छ। ५ किलोमिटर सहस्रधारा हाइवेसम्म र दुई किलोमिटर माथि गाउँसम्मको दुरी रहेको छ। यस नगरपालिकामा पूर्वमा खुर्कोट र पश्चिममा बिउ भन्ने ठाउँसम्म जोडिएको छ। समुन्द्री सतहबाट झण्डै ७५० मिटरको उचाइदेखि लिएर ३१०० मिटरसम्मको उचाइमा यो नगरपालिका फैलिएको छ।

नेपालको साक्षरता दरलाई हेर्ने हो भने वि.सं. २०५८ सालमा पुरुषको ६५.६ प्रतिशत र महिलाको ४२.८ प्रतिशत रहेको थियो। वि.सं. २०६८ सालमा पुरुषको ७१.१ प्रतिशत र महिलाको ४६.७ प्रतिशत पुगेको छ। सन् १९७९ को संयुक्त राष्ट्रसंघीय महासभाले महिला विरुद्धका सबै खाले असमानताहरू सन् १९९० सम्म अन्त्य गर्ने घोषणा गरेको थियो। नेपाल अधिराज्यको संविधान २०४७ ले पनि धर्म, लिङ्ग, जातका आधारमा कुनै पनि नागरिकलाई भेदभाव गरिने छैन भनी उल्लेख गरिएको छ। त्यसैगरी नेपालको अन्तरिम संविधान २०६३ को भाग ३ को धारा १३ मा सामान्य कानुनको प्रयोगमा कुनै पनि नागरिकमाथि धर्म, वर्ण, लिङ्ग, जातजाति, उत्पत्ति भाषा वा वैधानिक आस्थाका आधारमा भेदभाव नगरिने कुरा उल्लेख गरिएको छ। त्यसैगरी समान कामका लागि महिला र पुरुष बिच पारिश्रमिक तथा सामाजिक सुरक्षामा भेदभाव गरिने छैन। त्यस्तै धारा २० मा

महिलाको हकमा महिला भएको कारणले कुनै भेदभाव गरिने छैन । ३ वर्षे योजनाले देशमा विद्यमान गरिबी र असमानता घटाई दिगो शान्ति स्थापनामा सघाउ पुऱ्याउँदै आम जनताको जीवनमा परिवर्तनको प्रत्यक्ष अनुभूति दिलाउनु यस योजनाको प्रमुख उद्देश्य हुनेछ भन्ने कुरा उल्लेख गरेको छ ।

## १.२ अध्ययनको क्षेत्र

गण्डकी अञ्चलका ६ वटा जिल्लाहरूमध्ये भिन्न विशेषता भएको जिल्ला पर्वत हो । विश्वका अग्ला पुलहरू भएको जिल्ला अहिले पुलहरूको जिल्ला भनेर पनि चिनिने यस जिल्लामा विभिन्न प्रकारका धार्मिक तथा पर्यटकीय स्थलहरू पनि रहेका छन्। यस जिल्लाको पश्चिममा रहेको कुश्मा नगरपालिका पाङ १ का करिब ९० प्रतिशत मानिस कृषि पेशामा संलग्न रहेका छन् । राजमार्गदेखि दुई किलोमिटर माथि रहेको यस ठाउँमा अधिकांश मानिसहरू ब्राह्मण रहेका छन् जसले धर्मकर्म तथा हेराउने चराउने कार्यप्रति बढी आस्था राख्ने गर्दछन् । यहाँ रहेका अधिकांश युवा पुस्ताहरू रोजगारीका लागि खाडी मुलुक, जापान, कोरिया तथा अमेरिका गएका छन् । मानिसहरू गाउँबाट बसाइ सरी सदरमुकाम कुश्मा तथा बाग्लुङतिर गएका देखिन्छन् । सरकारी पेशा खरिदार तथा सुब्बा अधिकृत पदमा पनि यहाँका अधिकांश पुरुषहरू पुगेका देखिन्छन् । सार्की टोल, ब्राह्मण टोल, कामी टोल छुट्टाछुट्टै समाजमा यहाँका मानिसहरू बसेका छन् । ब्राह्मण रहनसहन संस्कृतिले प्रभावित यस ठाउँमा नेपाली भाषा नै प्रमुख रहेको छ । यहाँ सबै मानिसहरूले हिन्दु धर्म नै मान्ने गरेको पाइन्छ ।

यस ठाउँलाई शिक्षाको दृष्टिकोणबाट हेर्ने हो भने शिक्षित व्यक्तिहरू यस क्षेत्रबाट बसाइँसराइँ गरी सदरमुकामतिर गएको पाइन्छ। न्यून र मध्यम आयस्रोत भएका मानिसहरूको बसोबास गर्ने स्थानका रूपमा यस ठाउँलाई लिन सकिन्छ । यस ठाउँमा ३ वटा प्रा.वि., २ वटा मा.वि. र १ मात्र उच्च मा.वि. रहेका छन् । यस ठाउँको एउटा स्रोतकेन्द्र श्री नुवार सुवेदीथर माध्यमिक विद्यालय वि.सं. २०१८ सालमा भाषा पाठशालाका रूपमा स्थापित भएको थियो । समाजसेवीको विशेष पहलमा संस्कृत भाषा पाठशालाका रूपमा स्थापना गरी श्री नहुलसिंह क्षेत्री संस्थापक शिक्षकका रूपमा राखी पठनपाठन कार्यको सुरुवात गरेको यस श्री नुवार सुवेदीथर माध्यमिक विद्यालय अभिलेखमा रहेको

पाइन्छ। शिक्षा विकासको गतिसँगै यस क्षेत्रमा शिक्षा लिने र दिने क्रममा औपचारिक रूपमा विद्यालयको स्थापना वि.सं. २०२६ सालमा तल्लो पाङ कुनाचौरमा स्थापना गरिएको थियो । वि.सं. २०३५ सालबाट औपचारिक रूपमा माध्यमिक कक्षा सञ्चालन गरिएको थियो ।

## १.३ समस्याको कथन

शिक्षा सामाजिक आर्थिक र सांस्कृतिक विकासका महत्त्वपूर्ण सुचक हो। व्यक्तिको सामाजिक रूपमा सहयोग गर्नु शिक्षाको प्रमुख उद्देश्य हो। व्यक्तिलाई आफ्ना अन्तर्निहित प्रतिभाहरूको प्रस्फुटन गराई व्यक्तित्व विकासका साथसाथै राष्ट्रिय रूपमा राष्ट्रप्रति जिम्मेवार योग्य, दक्ष र सक्षम नागरिक शिक्षालाई व्यक्तिको मौलिक अधिकारका रूपमा राखेको हुन्छ। शिक्षा प्राप्त गर्नु सबै बालबालिकाको आधारभूत तथा नैसर्गिक अधिकार भएकोले प्राथमिक तहसम्मको शिक्षा सबै बालबालिकालाई अनिवार्य रूपले दिलाउनु राज्यको दायित्व हो र निःशुल्क रूपमा पठनपाठन गर्दै आएको छ।

नेपाल सरकारले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मञ्चहरूमा व्यक्त गरेका "सबैका लागि शिक्षा हाम्रो प्रतिबद्धता" को उद्देश्यलाई पूरा गर्नका लागि विभिन्न कार्यक्रम र कार्यनीति कार्यान्वयन भइरहेका छन्। कार्यक्रम तथा नीतिहरू आवश्यकता तथा लक्षित समुहसम्म पुग्ने किसिमको बनाउन आवश्यक देखिन्छ। देशको मेरुदण्ड शिक्षा भएकोले शिक्षा राष्ट्र विकासको आधार हो। आर्थिक वर्ष २०७०/०७१ मा शिक्षा क्षेत्रमा करिब १६ प्रतिशत बजेट विनियोजन गरिएको थियो। शिक्षा क्षेत्रमा थुप्रै विदेशी दातृसंस्थाहरूबाट सहयोग अनुदान आइरहेका छन् तापनि सरकारी शिक्षामा अपेक्षित रूपमा शैक्षिक उपलब्धि हासिल हुन सकेको छैन। कानुनी रूपमा छोराछोरी बराबर भए तापनि सामाजिक रूपमा स्थापित गरी कार्यान्वयन गर्न सकिएको छैन। अझै पनि हाम्रो समाजमा "छोरा पाए खसी छोरी पाए फर्सी" भन्ने मान्यता छ।

नेपालको जनसङ्ख्याको करिब ५१ प्रतिशत महिलाहरूको रहेका छन्। नेपाली महिलाहरू सामाजिक विभेद र असमानताको जाँतोमा पिल्सिएका छन्। कम उमेरमा विवाह, शिक्षाको अवसरबाट बञ्चित रहेका छन्। लैङ्गिक विभेद नेपाली समाजमा गर्भदेखि सुरु हुन्छ। छोरी भए फाल्ने छोरा भए राख्ने क्रम नेपाली समाज साथै दक्षिण एसियामा व्यापक छ। विज्ञानको उपलब्धि छोरीका लागि अभिशाप तुल्याइएको छ। नेपाल अधिराज्यको संविधान नेपालको अन्तरिम संविधान २०६३ ले भाग ३ को धारा १३ मा

सामान्य कानुनको प्रयोगमा कुनै पनि नागरिकमाथि धर्म, वर्ण लिङ्ग, जातजाति, भाषा वा वैचारिक अवस्था वा तीमध्ये कुनै कुराको आधारमा भेदभाव गरिने छैन भनी उल्लेख गरिएको छ ।

त्यसै गरी समान कामका लागि महिला र पुरुषका बिच पारिश्रमिक तथा सामाजिक सुरक्षामा भेदभाव गरिने छैन भनी उल्लेख गरेको छ । यसको धारा २० को महिलाको हकमा महिला भएकै कारणबाट कुनै पनि किसिमको भेदभाव गरिने छैन । शिक्षा राष्ट्र विकासको आधार हो । शैक्षिक क्षेत्रमा छोरा र छोरीप्रति अभिभावकहरूले धेरै छुट दिएको पाइन्छ । यस समुदायका बालबालिकालाई मेला, नाचगान, सांस्कृतिक कार्यक्रम, चाडपर्व आदिमा छुट दिइएको हुन्छ । सामाजिक रूपमा यस समुदायका केटाहरू पढाइमा भन्दा खेलकुदमा र केटीहरू घरधन्दा, कृषि कार्य, भान्छामा बढी केन्द्रित भएको पाइन्छ । यस गाउँका मानिसहरू पुरुषहरू प्राय वैदेशिक रोजगारीमा आबद्ध रहेका र महिलाहरू घरधन्दामा नै बढी केन्द्रित देखिन्छन् । ब्राह्मण बस्ती बढी भएको हुनाले यहाँका मानिसहरू धर्मकर्मप्रति बढी नै आस्था राख्ने गर्दछन् ।

यस पाङ गाउँमा रहेका महिला र पुरुष बिचमा रहेको विभेद र यसका सामाजिक, सांस्कृतिक, आथिक तथा अन्य पक्षको प्रभाव पत्ता लगाउनका लागि यस अध्ययनमा ध्यान केन्द्रित गरिएको छ । यस गाउँमा भएका छात्राहरूको शैक्षिक स्तर उनीहरूको पारिवारिक स्थिति, आर्थिक अवस्था, सामाजिक अवस्था के कस्तो छ ? भन्ने बारे यस अध्ययनले खोज गर्ने छ । लैङ्गिक असमानताको कारणलाई खोजी गरी छात्रछात्राको शैक्षिक स्तरबारे अध्ययन गरिएको छ ।

- सामाजिक, आर्थिक, पक्षको शैक्षिक अवस्थामा के कस्तो भूमिका रहन्छ ?
- परम्परागत संस्कृतिको अनुकरण गर्दा शैक्षिक अवस्थामा के कस्तो प्रभाव परेको छ?
- अभिभावकहरूको शिक्षाप्रति अज्ञानताले शैक्षिक अवस्थामा के कसरी प्रभाव पारेको छ ?

## १.४ अध्ययनको उद्देश्य

यस अध्ययनको साधारण उद्देश्य छात्राहरूको शैक्षिक अवस्थामा उनीहरूको सामाजिक, सांस्कृतिक, आर्थिक तथा पारिवारिक अवस्थाले पारेको प्रभाव साथै छात्राहरूको

शैक्षिक समस्याको बारेमा अध्ययन गर्नु हो । यस अध्ययनका विशिष्ट उद्देश्यहरू यस प्रकार छन् :

- छात्राहरूको शैक्षिक अवस्थाको पहिचान गर्नु,
- छात्राहरूको सामाजिक, सांस्कृतिक र आर्थिक अवस्था पत्ता लगाई शैक्षिक प्रभाव मापन गर्नु,
- छात्रहरूको शैक्षिक तथा सामाजिक समस्या पहिचान गरी आवश्यक सुझावहरूको पहिचान गर्नु,
- छात्राको शिक्षामा अभिभावकहरूको आमधारणा बारे अध्ययन गर्नु ।

## १.५ अध्ययनका सीमाहरू

यो अनुसन्धान गण्डकी अञ्चल पर्वत जिल्ला कुश्मा नगरपालिका पाङ १ मा रहेको श्री पाङ धैरेनी माध्यमिक विद्यालय, श्री नुवार सुवेदीथर माध्यमिक विद्यालय पाङ १, श्री हिमालय उच्च माध्यमिक विद्यालय कुश्मा नगरपालिका खरिबोट २, बगैचा टारका कक्षा ८, ९, १० सम्म अध्ययनरत १२१ छात्राहरूमध्ये ७२ जना छात्राहरूको शैक्षिक, आर्थिक, सामाजिक, सांस्कृतिक स्थितिका बारेमा अध्ययन केन्द्रित गरिएको छ । यस अध्ययनमा यस गाउँका छात्राहरूको शैक्षिक स्तर र शैक्षिक समस्या पत्ता लगाउन केन्द्रित गरिएको छ ।

## १.६ अध्ययनको औचित्य

प्रत्येक वर्षको तथ्याङ्कले नेपालमा पुरुषको तुलनामा महिलाहरूको सामाजिक, आर्थिक, सांस्कृतिक, शैक्षिक औषत आयु बढी देखाउँछ । प्राय जस्तो महिलाहरू घरमा खाना पकाउने, भाँडा माझ्ने, कपडा धुने र बालबच्चाको हेरचाह गर्ने तथा कृषि कार्यमा संलग्न भएको पाइन्छ । स्वास्थ्य, सम्पत्ति, पोषण आदिबारे ख्याल गर्न पनि शिक्षा अनि सीप विकास र ज्ञानको आवश्यकता पर्दछ । त्यसकारण छात्रभन्दा छात्राहरूको शैक्षिक स्तर कमजोर र नराम्रो हुनाको पछाडि कुन कुन पक्षको प्रभाव रहन्छ भन्ने पत्ता लगाउन समेत यस अध्ययनको महत्त्व रहेको छ । यसको औचित्य निम्नानुसार प्रस्तुत गरिएको छ :

- यो महिला शिक्षामा चासो राख्ने मानवशास्त्र तथा अन्य सामाजिक विज्ञान अध्ययन गर्ने सम्पूर्ण विद्यार्थीहरूका लागि सान्दर्भिक र उपयोगी रहने छ ।

- यो अध्ययन शैक्षिक स्तर वृद्धि गर्नमा पारिवारिक सामाजिक वातावरण कस्तो हुनुपर्दछ भन्ने कुराको जानकारी दिन सहयोगी हुनेछ ।
- यो अध्ययन विकास संगठनहरू, योजनाकार, योजना कार्यक्रमहरू, शिक्षा क्षेत्रका विज्ञहरूलाई छात्राहरूको शैक्षिक स्तर विकास गरी लैङ्गिक असमानताको अन्त्य कसरी गर्न सकिन्छ भनी लागेका सङ्घ सस्थाहरूलाई समेत सहयोगी हुनेछ ।

## १.७ अध्ययन संरचना

यस अध्ययनलाई आठ वटा अध्यायमा विभाजन गरिएको छ । जसअन्तर्गत प्रथम अध्यायमा परिचय खण्ड रहेको छ । यसभित्र अध्ययनको पृष्ठभूमि, समस्याको कथन, उद्देश्य, सीमा, औचित्य र अध्ययन संरचना समेटिएको छ ।

अध्याय दुईमा पूर्व साहित्यिक पुनरावलोकन र अवधारणात्मक पुनरावलोकन समावेश गरिएको छ । जसअन्तर्गत अवधारणागत पुनरावलोकन, लैङ्गिक पुनरावलोकन पूर्व साहित्य अध्ययन र अवधारणात्मक ढाँचा रहेका छन् ।

अध्याय तीनमा यस अध्ययनको पद्धतिलाई समेटिएको छ । जसअन्तर्गत अध्ययन क्षेत्रको छनौट, यसको औचित्य, अनुसन्धान ढाँचा, तथ्याङ्कको स्रोत र सङ्कलन विधि, तथ्याङ्क प्रस्तुति र विश्लेषण रहेका छन् ।

अध्याय चारमा छात्राहरूको सामाजिक तथा आर्थिक समस्या, पाँचमा छात्राहरूको शैक्षिक स्थिति, अध्याय छमा छात्राहरूको शिक्षामा प्रभाव पार्ने तत्त्वहरू, सातमा छात्राहरूको शैक्षिक समस्या र आठमा साराशं, निष्कर्ष र सुझावलाई समेटिएको छ ।

# अध्याय दुई
# पूर्व साहित्यिक पुनरावलोकन

## २.१ अवधारणागत समालोचना

यस अध्यायमा अवधारणागत समालोचना, सैद्धान्तिक समालोचना, पूर्वसाहित्य समीक्षा, लैङ्गिक पुनरावलोकन, साहित्यिक पुनरावलोकन र अवधारणात्मक ढाँचाको बारेमा व्याख्या तथा विश्लेषण गरिएको छ ।

शिक्षा (Education) भन्ने शब्द ल्याटिन भाषाको Educare बाट आएको हो जसको अर्थ (bring up) बाहिर निकाल्नु र क्रमश विकसित गर्नु हुन्छ । शिक्षाको महत्त्व दिनानु दिन बढ्दै गइरहेको छ । मानव सभ्यताको विकास कुनै न कुनै रूपमा शिक्षाको थालनी भएको पाइन्छ । मानिसको सुरुवात जहिलेदेखि भयो त्यस समयदेखि नै शिक्षाको पनि कुनै न कुनै रूपबाट शुरुवात भएको पाइन्छ । शिक्षालाई मानव जीवनको एक महत्वपूर्ण विषयको रूपमा लिइन्छ । शिक्षाका माधयमबाट मानिस सक्षम योग्य र दक्ष नागरिक निर्माण भई देशको आर्थिक सामाजिक साँस्कृतिक विकासमा महत्वपूर्ण योगदान पुऱ्याउछन् । प्राचीन दार्शनिकले शिक्षाको महत्वलाई जोड दिँदै भनेका छन् - शिक्षित मानिस अशिक्षित मानिसभन्दा त्यति नै उच्च वा श्रेय हुन्छ जति मृतक भन्दा जीवत हुन्छ । शिक्षा भनेको कुनै ज्ञान वा सिप सिक्नु कुनै पनि नयाँ कुरा नयाँ अनुभव प्राप्त गर्नु तथा व्यक्तिमा हुने प्रत्येक व्यवहारिक परिवर्तन हो । यो अटुट एवम् जीवन्त प्रक्रिया हो । नयाँ नयाँ अनुभवले व्यक्तिको जीवनमा परिवर्तन ल्याउछ । अनुभव प्राप्त गर्ने प्रक्रिया जीवनपर्यन्त प्रक्रिया हो । यही अनुभव प्राप्त गर्ने प्रक्रिया नै शिक्षा हो । शिक्षाले व्यक्तिको जीवनमा चेतना अभिवृद्धि गर्ने, सिप विकास गर्ने, चिन्तन शक्ति बढाउने, समझदारी वृद्धि गर्ने, ज्ञान विकास गर्ने, धारणामा परिवर्तन ल्याउने, असल व्यवहारको विकास गर्ने जस्ता सर्वाङ्गीण व्यक्तित्व विकासका कार्यहरू गर्दछ । शिक्षा विदहरूका अनुसार व्यक्तिमा जे जति परिवर्तन, परिमार्जन एवम् परिवर्तन हुन्छ त्यो नै शिक्षा हो । शिक्षाशास्त्रीहरूका अनुसार शिक्षा भनेको

व्यक्तिमा आउने व्यवहारिक परिवर्तन हो भने सिकाइ मनोविज्ञानका अनुसार शिक्षा भनेको सिकाइको प्रक्रिया हो जुन जीवनपर्यन्त चलिरहन्छ (शर्मा, २०७०) ।

शिक्षाविना समाजको कुनै पनि कार्य सुचार रूपमा चल्न सक्दैन । त्यसैले शिक्षा सूर्य झैँ प्रकाशवान वायु झै वेगवान छ । शिक्षाबाट नै व्यक्ति, समाज तथा राष्ट्रको विकास हुन्छ । शिक्षाको सम्बन्ध व्यक्ति, समाज, सभ्यता, संस्कृति एवम् मानवीय व्यवहारसँग रहेको हुन्छ । व्यक्ति र समाजको विकास भन्नु नै शिक्षामा हुने समयानुकुल परिवर्तन हो । त्यो परिवर्तनको मुख्य माध्यम शिक्षा हो । कुनै पनि मानिस अबोध शिशुको रूपमा असहाय अवस्थामा पृथ्वीमा जन्म लिन्छ त्यस्तो शिशुलाई राम्रो मार्गदर्शन दिई साझा सामाजिक प्राणी बनाउने काम शिक्षाले गर्दछ । त्यसैले गर्दा शिक्षा नै सभ्यताको जननी हो भनेर चिन्न सकिन्छ । सामान्यतः शिक्षा औपचारिक, अनौपचारिक र अनियमित हुन्छन् । यस शोधपत्रमा औपचारिक शिक्षामा सामाजिक तथा आर्थिक अवस्थाले पारेको प्रभावको बारेमा पुष्टि गरिएको छ । औपचारिक शिक्षा भन्नाले विद्यालय, विश्व विद्यालय क्याम्पसहरूमा दिइने शिक्षालाई बुझिन्छ । त्यस्तै  अनौपचारिक शिक्षा भन्नाले विभिन्न तालिम, गोष्ठी, सेमिनार, सीपमुलक क्रियाकलाप, प्रौढ शिक्षा, सुशासनबाट लिइने शिक्षालाई बुझिन्छ । अनियमित शिक्षा भन्नाले मानिसले जन्मेदेखि नमरुन्जेलसम्म सिक्ने सम्पूर्ण ज्ञान, सिप, सिकाइलाई बुझिन्छ (शर्मा, २०७०) ।

सामान्य अर्थमा शिक्षालाई विभिन्न विद्वानहरूले, शिक्षाशास्त्रीहरूले विभिन्न परिभाषा, व्याख्या र विश्लेषण गर्दै आएका छन् त्यसलाई शिक्षाको सामान्य अर्थ लिन सकिन्छ । शिक्षा मानव जीवनको गहना हो शिक्षा प्राप्त नगरेको व्यक्ति पशु समान हुन्छ । शिक्षाले आदर्श नागरिक निर्माण गर्दछ । शिक्षा मानव विकासको सर्वोत्तम साधन हो । शिक्षा प्राप्त गरेको व्यक्ति कर्मठ, इमान्दार र योग्य बन्दछ। मानव जीवनलाई आदर्श कर्तव्यनिष्ठा र व्यवहारिक बनाउने सर्वोत्तम साधन शिक्षा हो । शिक्षा अङ्ग्रेजीको Education शब्दबाट आएको हो । Education शब्दका अक्षरहरूको सामान्य अर्थ निम्नानुसार बनाइएको छ (शर्मा, २०७०) ।

E = Enlargement of mind (मस्तिष्कको विस्तृतीकरण)

D = Dessemel (सामाजिक शिष्टाचार)

U = Universal outlook (विश्वव्यापी दृष्टिकोष)

C = charaeter (चरित्र)

A = activities (क्रियाकलाप)

T = trust worthiness (विश्वसनियता)

I = ideation of god (ईश्वरीय निधार)

O = omniscients (सर्वज्ञान)

N = nice temperament (शान्त स्वभाव)

### ❖ महिला शिक्षामा लैङ्गिक अवधारणा

जैविक दृष्टिकोणको आधारमा पूरुष र महिलाको कार्य विभाजन भएको हुन्छ । जसले गर्दा लिङ्गका आधारमा महिला पुरुषको लैङ्गिक स्तरीकरण, सम्पत्ति, प्रतिवर्ण शक्तिको असमान वितरण हुने गर्दछ । प्राकृतिक रूपमा रहेको विभेदलाई आधार लिएर महिलालाई सामाजिक रूपमा विभेद गरिएको छ । यसै कारण महिला हरेक क्षेत्रमा पछाडी परिरहेका छन् यस्तो अवस्थालाई समाधान गर्नका निम्ति र महिलाको स्तर वृद्धिका लागि महिला शिक्षा समान अवसर भएको अवसरको संरक्षण गर्नुपर्दछ । महिला पछाडि पर्नुमा शिक्षालाई लिन सकिन्छ भने शिक्षामा कमि हुनुमा सामाजिक साँकृतिक, आर्थिक र लैङ्गिक कारण नै रहेको हुन्छ । त्यसकारण महिलाको स्तर विकास नगर्दासम्म पूर्णरूपमा सामाजिक विकास हुन सक्दैन । महिला समाजको एउटा पाटो हुनाले महिला शिक्षित भए परिवार पूर्ण रूपमा शिक्षित हुन्छ भने महिलाहरू अशिक्षित भएर परिवार र समाज पूर्ण रूपमा अशिक्षित हुन्छ (आचार्य, २०६१) ।

## २.२ सैद्धान्तिक समालोचना

शिक्षालाई प्रभाव पार्ने तत्वहरूमा प्रसारवाद, शहरिकरण, आधुनिकिकरण, पश्चिमीकरण पर्दछन् । यस्ता तत्वहरूले शिक्षामा प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा प्रभाव पारेका हुन्छन् । त्यसैले सामाजिक तथा साँस्कृतिक परिवर्तन ल्याउन मद्दत पुऱ्याउने तत्वहरू प्रसारवाद, परसँस्कृति ग्रहण, शहरिकरण, आधुनिकीकरण आदि (पराजुली, २०७२) ।

### क) प्रसारवाद

प्रसारणले गर्दा पनि सामाजिक र साँस्कृतिक परिवर्तन गर्न सकिन्छ । जब कुनै पनि एक देश वा समाजको संस्कृति एक ठाउँबाट अर्को ठाउँमा फैलिन्छ परिणामस्वरूप परम्परागत समाज आधुनिक समाजमा परिवर्तन हुन्छ भने आधुनिक समाजले पनि

परम्परागत समाजका चिन्नहरू ग्रहण गर्दछ जसले गर्दा विद्यमान सामाजिक पक्षमा परिवर्तनको आभास पाइन्छ ।

**ख) आधुनिकीकरण**

आधुनिकीरकण परम्परागत चालचलन संस्कृति, मूल्य, मान्यता तथा रीतिरिवाजमा आउने परिवर्तन हो । अर्थात् परम्परागत अवस्थाभन्दा विकसित अवस्था आधुनिकीकरण हो । प्राचिन समयमा छोरीलाई पढाउनु हुदैन भन्ने जुन मान्यता थियो अहिलेसम्म आउदा यो विस्तारै परिवर्तन भई सकेको छ । यसको कारण आधुनिकीकरणको प्रभाव हो । छोरीले पनि पढेर केही गर्न सक्छन् भन्ने मान्यता हो (पराजुली, २०७२) ।

**ग) शहरीकरण**

कम विकसित ठाउँलाई विकसित बनाइ विभिन्न किसिमका सेवा सुविधा प्राप्त गर्न सकिनु नै शहरीकरण हो । जसमा विभिन्न प्रकारका विकासका पूर्वाधार शिक्षा, स्वास्थ्य, यातायत, सञ्चार, खानेपानीको सुविधा हुन्छ । अहिले आएर नेपालका अधिकांश जिल्लामा पहिलेको तुलनामा यस्ता सेवा सुविधाहरू प्राप्त गर्न सकिन्छ । समाज तथा संस्कृतिमा परिवर्तन ल्याउने तत्वहरूमा शहरीकरणको प्रभाव पनि अहम हुन्छ (भण्डारी, २०६५) ।

## २.३ पूर्व साहित्यिक समीक्षा

ग्रामिण क्षेत्रमा अझै पनि छोरालाई मात्र स्कुल पठाउने र छोरीलाई घरधन्दा मेलापात घाँस दाउरा, पानी पँधेरामा नै सिमित राख्ने गरेको पाइन्छ । छोरालाई बंश र उत्तराधिकारीको रूपमा स्वीकार्न र छोरीलाई पराइधन नासो वा अर्कोको भित्ता टाल्ने जात भनी अपेक्षा पूर्ण व्यवहार गर्ने मानिसकताले गर्दा महिला वर्गको शिक्षा, स्वास्थ्य, आर्थिक स्तरमा स्वभाविक रूपमा खासै उत्साहजनक सहभागिता हुन सकेको छैन (आचार्य, २०६२) ।

समाजमा महिला र पुरुषलाई हेर्ने हेराई र व्यवहार अन्यायपूर्ण छ । पुरुषको तुलनामा महिलाहरूलाई कामको बोझ बढी हुन्छ तर पनि यो कामलाई समाजले मूल्य र मान्यता दिएको छैन । आधा भन्दा बढी जनसङ्ख्या भएका महिलाहरूको पछौटेपनले सन्तुलित विकासमा बाधा पुग्दछ । योजना तर्जुमा देखि कार्यन्वयनको चरणसम्म महिलाको सहभागिता राजनैतिक क्षेत्रमा अवसर आदिमा समावेशीकरण गर्ने खालका नीति बनाउन जरुरी छ (शैक्षिक अभियान २०६५) ।

समाजमा रहेका महिला र पुरुषलाई प्रतिभा, धारणा र विश्वासले गर्दा छुट्टाछुट्टै तह वा प्रकृतिको शिक्षा उपलब्ध गराइन्छ। शिक्षा उपलब्ध गराउने कि नगराउने कुन कुन विषयमा सहभागि गराउने कुन तहको शिक्षा उपलब्ध गराउने भन्ने तथ्यको निर्क्योल गरिन्छ। परम्परागत रूपमा नै महिलालाई घरभित्रका कार्यमा सम्लग्न हुँदै आइरहेकोमा उनीहरूलाई उच्च शिक्षाको आवशयकता छैन भन्ने धारणा पनि समाजमा पाइन्छ। धर्मका नाममा पनि महिला शिक्षा सहज छैन जुन मुसलमान समुदायमा देख्न सकिन्छ। अझै पनि नेपालमा महिलाहरूको शिक्षामा न्यून पहुँच रहेको छ। यसको कारण समाजमा रहेको लैङ्गिक विभेद नै हो। विश्वव्यापी रूपमा पनि महिलाको अवस्था पुरुष शिक्षाको तुलनामा न्यून छ। शिक्षाको विभेदले गर्दा रोजगारमा पनि लैङ्गिक विभेदको अवस्थालाई देखाएको छ। मानिसको सभ्यताको विकासक्रम सँगै शिक्षाको विकास क्रम पनि अगाडि बढेको छ। मानिसको जीवन सार्थक बनाउन शिक्षा अनिवार्य छ। शिक्षा विना मानिको जीवन अन्धकारमय हुन्छ। त्यसैले विद्यालय विद्यार्थीले औपचारिक शिक्षा आर्जन गर्ने स्थल हो। विद्यालय शिक्षाको प्रमुख उद्देश्य विद्यार्थीहरूको ज्ञान, सीप क्षमतामा अभिवृद्धि गरि व्यवहारिक परिवर्तन ल्याउनु हो। शिक्षा नै ज्ञानको प्रमुख स्रोत भएकाले शिक्षा विना व्यक्तिको आफ्नो दैनिक क्रियाकलाप सुव्यवस्थित हुन नसक्नुका साथै उसको सर्वाङ्गिण विकास हुन सक्दैन (सारु, २०६३)।

महिलालाई पनि पुरुषको दाँजोमा अगाडि बढाउनुपर्छ भन्ने अवधारणाको विकास वि स. १९९० को दशकमा भएको पाइन्छ। यस दशक देखि दुर्गम क्षेत्रका महिलालाई शिक्षा प्रदान गर्ने प्रयोजनले ५० प्रतिशत महिलालाई छात्रवृत्ति समेत प्रदान गरिने व्यवस्था गरिएको छ। ग्रामीण स्तरमा महिला विकास, शाखा महिलाहरूलाई आय आर्जनका लागि सुस्म कर्जा खासगरी पिछडिएका ग्रामीण क्षेत्रका विपन्न महिलाहरूमा ग्रामीण महिलाको हित सम्बर्द्धन उनीहरूका शिक्षा र साक्षरताको अभियानका लागि चेतनामुलक कार्यक्रम ग्रामीण स्तरबाट हुने चेलिबेटी बेचविखन र यौन शोषण विरुद्ध अभियान चाल्न सुरु गरिएको छ (दाहाल, २०६८)।

महिलावादको विकास १०६० को समयपछि व्यापक रूपमा भएको पाइए तापनि सुरुवात भने निकै अगाडिदेखि भएको पाइन्छ। महिलावाद एक यस्तो दृष्टिकोण हो जसले महिलाको सामाजिक, आर्थिक, राजनैतिक आदि पक्षलाई बुझ्ने प्रयास गर्दछ। नेपाली महिलालाई छोरी, बुहारी, पत्नी तथा आमाका रूपमा हेरिन्छ। उनलाई आफ्नो स्वतन्त्र

पहिचानको रूपमा चिँनिदैन। उनीहरूलाई घर र खेतबारीमा सीमित गराइन्छ। उनीहरूलाई सामाजिक जीवनमा अग्रसर हुन बाध्य बनाइन्छ (आचार्य, २०६७)।

महिलावादी सिद्धान्त भन्नाले महिलाको सामाजिक, परिवेश, हक, अधिकार, वास्तविक स्थिति आदिका बारेमा विभिन्न विद्वानहरू तथा विचारकहरूको मत हो। यस सम्बन्धमा विभिन्न मतहरू निम्नानुसार छन् :

- अतिवादी महिलावाद
- मार्क्सवादी/समाजवादी महिलावाद
- उदारवादी महिलावाद
- अतिवादी महिलावाद

अतिवादी महिलावादले समाजमा हरेक सङ्गठन र संस्थाभित्र दमन प्रणाली हुने कुरालाई स्वीकार्छ। दमनको आधारभूत प्रणाली पितृसत्ता हो भन्ने कुरा प्रष्ट्याउँछ। किन लोग्ने मान्छेले पितृसत्तालाई कायम राख्दछ भन्ने प्रश्नको जवाफमा यसले महिलाको भन्दा पुरुषको शारीरिक शक्तिमात्र बढी हुँदैन महिलालाई नियन्त्रित र निरीह प्राणीका रूपमा राख्ने लोग्ने मान्छेको साँच्चिकै भित्री स्वार्थ रहने गर्दछ। जुनसुकै स्थानमा पनि महिलालाई दबाइएको छ भने केन्द्रिय मान्यतामा आधारित रहेको छ। समाजमा सम्पत्ति, शक्ति, सम्मान, मानिसको लिङ्ग, शिक्षा, पेशा तथा जातीयताको आधारमा विभाजन गरिन्छ। असम्पन्न तथा ग्रामीण क्षेत्रमा खाना तथा पोशाक प्रमुख आधार हुन्छन् भने सम्पन्न क्षेत्रमा राजनैतिक शक्ति, स्वास्थ्य तथा विलासितालाई पनि आधार मानिन्छ। महिला हुनु आफैमा दुर्भाग्य होइन, महिलाको रूपमा महिलाका आफ्नै कतिपय विशेषता भए तापनि पितृसत्तात्मक व्यवस्थाले गर्दा महिलाका ती विशेषताहरूलाई कन्जुस्याइ गरेको छ ( चौलागाई, पोखेल र सापकोटा, २०६०)।

- **मार्क्सवादी/समाजवादी महिलावाद**

सन् १८८४ मा प्रकाशित फेइरिस एङ्गेल्सको पुस्तक **परिवार निजी स्वामित्व र राज्यका उत्पत्ति** यसको मुख्य आधार हो। महिला मुक्तिका लागि गरिने सङ्घर्ष पुरुष विरुद्धको सङ्घर्ष होइन बरु यो त पूँजीवादी व्यवस्था र सम्पूर्ण पूँजीवादी सम्बन्धहरू विरुद्धको सङ्घर्ष हो। वर्ग सङ्घर्षले मात्र लैङ्गिक असमानताको अन्त्य गर्न सक्छ। निजी स्वामित्व अन्त्य गरेपछि मात्र महिला र पुरुष बिचको असमानता अन्त्य हुन्छ। पुरुषद्वारा

महिलामाथि हुने दमनको घनिष्ठ सम्बन्ध पूँजीसँग छ किनभने पितृसत्ता र पूँजीवाद परस्पर सहायक हुने गर्दछन् (चौलागाई, पोखरेल र सापकोटा, २०६०)।

- **उदारवादी महिलावाद**

मार्क्सवादी महिलावादले महिला र पुरुष बिचको सम्बन्ध वैज्ञानिक अधारमा विश्लेषण गर्दछ। जसमा महिलाहरूमाथि रहेका सामाजिक, आर्थिक तथा सांस्कृतिक विभेदहरूको अन्त्य गरी उत्पादन शक्ति माथिको पहुँच बढी मजबुत गर्नुपर्ने तथ्यमा जोड दिन्छन्। मार्क्सवादी महिलावाद अनुसार समाजको विश्लेषण जसरी वर्गीय आधारमा गर्नु जरुरी छ। त्यसरी नै लैङ्गिक आधारमा गर्नु आवश्यक छ (आचार्य, २०५९)।

समाजवादी महिलावाद लैङ्गिक दमनको उपागम अन्तर्गत एक लोकप्रिय पक्ष हो। यसले आमूल नारीवाद र मार्क्सवादी नारीवादका मान्यताहरूलाई संश्लेषणात्मक रूपबाट विश्लेषण गर्दछ। समाजवादी महिलावादले मार्क्सवाद अन्तर्गतको वर्ग दमन र आमूल नारीवाद अन्तर्गतको लैङ्गिक उत्पीडनलाई संश्लेषणात्मक विश्लेषण गरी महिलाले भोग्नुपरेका अपहेलना विभिन्न ठाउँ परिवेशमा के कति समान र असमान छ भनी सोको मापन गर्न चाहन्छ।

यसले समाजमा विभिन्न जातीय, प्रजाति, धर्म, उमेर, लिङ्ग, यौनिक रुचि, विश्वव्यापी एवम् शब्दीय तहको स्थिति आदिका आधारमा व्याख्या एवम् विश्लेषण गर्नुपर्दछ भन्ने कुरामा यसले जोड दिन्छ। यसप्रकार समाजवादी महिलावादको सामाजिक दमन र लैङ्गिक दमनका साथसाथै वर्ग दमनलाई दमन प्रणालीको खोज गर्ने आधारको रूपमा लिई महिलामाथि हुने गरेका विभिन्नताहरूलाई पूँजीवादी पितृसत्ताले भन्दा बढी राम्रोसँग चरितार्थ गरेको छ। सबै ठाउँमा महिलाहरूमाथि समान तरिकाले दमन गरिएको छ भन्ने कुरामा यसले विश्वास गर्दैन (पोखरेल, चौलागाई र सापकोटा, २०६०)।

उदारवादी महिलावाद १३ औँ र १७ औँ शताब्दीदेखि नै सुरुवात हुँदै आएको हो। १२ औँ शताब्दीको उत्तरार्द्धमा र २० औँ शताब्दीको पूर्वार्द्धतिर यसको स्वरूप बढ्दै आएको देखिन्छ भने सन् १९६० तिर पश्चिम जगतको महिला आन्दोलनमा यसको प्रमुख रहेको देखिन्छ। यसले महिला र पुरुषको समानतामा जोड दिन्छ। महिलाका लागि समान अवसर र समान अधिकारको पक्षपात निकै छ। पारिवारिक तथा घरायसी कार्यको मूल्य तिर्न पुरुष पेशा, कानुन, बैङ्किङ, प्रहरी, शैक्षिक आदि सेवामा महिलाको प्रवेशद्वारा निर्णायक तहमा

महिलाको पहुँच पुग्नुपर्दछ । यसरी पितृसत्ताको अवधारणाहरूमाथि छलफल गरी वर्तमान संरचनाभित्रै महिला समानता सम्भव छ भन्ने यसको धारणा छ । वर्तमान संरचनालाई कुनै किसिमको चुनौती यसले दिँदैनन् (चौलागाई, पोखरेल र सापकोटा, २०६०) ।

## २.४ लैङ्गिक पुनरावलोकन

शिक्षा (Education) भन्ने शब्द ल्याटिन भाषाको Educare बाट आएको हो जसको अर्थ 'bring up' बाहिर निकाल्नु भन्ने हुन्छ । यसरी व्यक्तिमा लुकेर रहेको क्षमतालाई बाहिर निकाल्नु र क्रमश विकसित गर्नुलाई नै शिक्षा भनिन्छ । सूचना, सञ्चार-कम्प्युटरबाट आजको विश्व प्रविधिले अगाडि बढेको अवस्थामा शिक्षाको महत्त्व दिनानुदिन बढ्दै गइरहेको छ । शिक्षाले सामाजिक, सांस्कृतिक परिवर्तनमा महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । E. George Payne का अनुसार- "तथ्य र समाजशास्त्रको अध्ययन विना समाजले खोजेको व्यवहार मानिसले सिक्न सक्दैन र उक्त व्यवहार नसिकेसम्म एउटा व्यक्ति समाजमा मिलेर बाच्न गाह्रो छ" शिक्षाले सामाजिक स्तरीकरणमा प्रभाव पार्दछ । समाजमा इज्जत प्राप्त गर्न वा सामाजिक गतिशीलता उकास्न वर्गीय उचाइले सहयोग नगरेर शैक्षिक तत्त्वले सघाउँछ (शर्मा, २०७०) । मानवशास्त्रले सबै किसिमका सामाजिक सम्बन्धहरुबारे अध्ययन गर्न महत्त्व दिने हुँदा यस अध्ययनमा मानवशास्त्रलाई विशेष जोड दिइएको छ (शर्मा, २०७०) ।

### २.४.१ लैङ्गिक दृष्टिकोण

लिङ्गले स्त्री र पुरुषको प्राकृतिक संरचनालाई बुझाउँछ । जैविक विशेषतालाई झल्काउँछ । यो स्थिर प्राकृतिक र नैसर्गिक हुन्छ । जेण्डर भन्नाले त्यस्तो अवधारणा हो जुन सामाजिक, सांस्कृतिक रूपले निर्माण भएको हुन्छ । हरेक समाजमा महिला र पुरुषले निर्वाह गर्नुपर्ने भूमिका अलग अलग हुने गर्दछ भने लिङ्गको आधारमा महिला र पुरुष दुवैबाट समाजले केही अपेक्षा गरेको हुन्छ । वास्तवमा त्यही अपेक्षाकृत अतिरिक्त आर्थिक विशेषतालाई पनि जनाउँछ । जसरी लिङ्ग अन्तर्गत महिला र पुरुष भनी जन्मजात निर्धारण भएर आउँछ त्यसैगरी जेण्डर पनि लिङ्गका आधारमा व्यक्तिसँग जोडिएर आउने सांस्कृतिक मूल्य, मान्यता, भूमिका तथा विशेषताहरूको समष्टिगत रूप हो (चौलागाई, पोखरेल र सापकोटा, २०६०) ।

सामाजिक किसिमबाट हेर्ने हो भने जेण्डरको अर्थ हो महिला तथा पुरुष दुवैको सामाजिक तथा सांस्कृतिक परिभाषा, अर्को शब्दमा भन्ने हो भने समाजले महिला वा पुरुषलाई कस्तो किसिमको भूमिका, अधिकार, स्रोत, साधन दिन्छ, उनीहरूलाई कस्तो किसिमको व्यवहार तथा मानसिक विकास गर्न सिकाइन्छ त्यसको अर्थ बोध गर्नुलाई जेण्डर भनिन्छ (भासिन, २०००) ।

महिला र पुरुष बिचमा सामाजिक चिन्तनलाई जेण्डर भनिन्छ । अर्को शब्दमा जेण्डर महिला पुरुषलाई समाजले हेर्ने दृष्टिकोण र यी दुई वर्गलाई गर्ने भिन्न व्यवहार हो । समाजले तोकिएको महिला र पुरुषको पृथक भूमिका नै जेण्डर हो । यो समाज सापेक्ष र समाजपिच्छे फरक फरक हुन्छ । महिला र पुरुष बिचको शारीरिक भिन्नतालाई प्राकृतिक लिङ्ग भनिन्छ । यसैलाई आधार बनाएर समाजले महिला र पुरुषबिच भिन्दाभिन्दै छविहरू बनाएर सामाजिक विभेद गरेको छ । यही विभेदलाई नारीत्व र पुरुषत्व भनिन्छ । समाजले महिला र पुरुषका बेग्लाबेग्लै भूमिका निर्धारण गरेको छ र यी दुई वर्गका बिचमा हुने सम्बन्ध तोकिदिएको छ । यस्तो भूमिका सम्बन्ध सामाजिकीकरणका क्रममा सिक्ने गरिन्छ । अतः यसलाई तोएिको व्यवहार पनि भनिन्छ ।

- लैङ्गिक (जेण्डर) सामाजिक न्यायका लागि विश्लेषणको विषय बन्दै गएको छ । महिला र पुरुष बिचमा किन आर्थिक, सामाजिक, राजनीतिक विभेद हुन्छ र उक्त विभेदको चुरो कहाँ नेर छ भन्ने कुरा खोतल्ने क्रममा लैङ्गिकको जन्म भएको हो । शारीरिक भिन्नतालाई आधार बनाएर समाजले महिला र पुरुषलाई गरिएको विभेद प्राकृतिक नभई समाजले गरेको विभेद हो । त्यसैले यो परिवर्तनशील छ । यो कुरालाई हामीले हाम्रो व्यवहार सोच र विचारधारामा परिवर्तन गरी लैङ्गिक विभेद हटाउन सक्छौँ र हटाउन पनि जरुरी रहेको छ । कुनै पनि व्यक्तिका व्यवहारजन्य, अवस्थाजन्य, स्वरूपजन्य सामाजिक गुणलाई सामान्य रूपमा सामाजिक लिङ्ग भन्दछौँ । यसमा नारीत्व र पुरुषत्व महिला र पुरुषको भूमिका तथा महिला र पुरुष बिचको सम्बन्ध पर्दछ ।
- महिला र पुरुष बिचको शारीरिक तथा प्राकृतिक भिन्नतालाई प्राकृतिक लिङ्ग भनिन्छ ।

- कुनै पनि व्यक्तिको व्यवहारजन्य, अवस्थाजन्य र स्वरूपजन्य सामाजिक गुणहरू सामान्य रूपमा महिला र पुरुषबिच को सामाजिक भिन्नतालाई सामाजिक लिङ्ग भनिन्छ ।
- सामाजिक, राजनीतिक र आर्थिक स्रोत एवम् साधनलाई न्यायोचित वितरणका सम्पूर्ण अवसरहरूमा महिला र पुरुष दुवैको समान पहुँच हुन सक्ने अवस्थाको सृजना गरी दुवैलाई सक्षम बनाउन महिला र पुरुषलाई न्याय पार्ने एक प्रक्रियालाई लैङ्गिक समता भनिन्छ ।
- महिला र पुरुषले आ-आफ्नो मानवअधिकार पूर्ण रूपमा उपयोग गर्न पाउने अवस्था नै लैङ्गिक समानता हो ।
- जेण्डर र विकास भनेको महिलाको मात्र नभई दुवैको लैङ्गिक सम्बन्ध सुधार गर्नेतर्फ लक्षित समविकास हो (लैङ्गिक सचेतना प्याकेज, २०६५) ।

### २.४.२ नेपालमा शैक्षिक विकासको ऐतिहासिक पृष्ठभूमि

नेपालको सन्दर्भमा भन्नुपर्दा प्राचीनकालदेखि नै समाजमा प्रचलित चालचलन, रीतिरिवाज, विश्वास जीवनको आदेश, धर्मप्रति जनसाधारणको धारणा र सामाजिक मान्यतामा आधारित पारिवारिक शिक्षादीक्षाको परम्परा थियो । सम्पूर्ण शिक्षादीक्षा एक पिँढीबाट अर्को पिँढीमा हस्तान्तरण हुँदै जान्थ्यो । स्नेह, माया, ममता, वात्सल्य र शिष्टाचारकी प्रथम शिक्षिका आमा हुन्थिन् । उनैबाट दुई तीन वर्षसम्मका केटाकेटीहरूले शिष्टाचारको पाठ पढ्थे । शिक्षाको पहिलो खुड्किलो घर हुन्थ्यो । त्यसपछि बाबुले छोरालाई, छोराले नातिहरूलाई आ-आफ्नो कुल, धर्म, आचरणमा चलिआएको धार्मिक तथा सामाजिक व्यवहार, पेसा तथा व्यवसायमा परिचित गराउँथे । छोरा नातिलाई कम उमेरदेखि नै आफ्नो पेसामा संलग्न गराएर शिक्षादीक्षा दिँदै जान्थे । त्यो शिक्षा व्यवसायमूलक हुन्थ्यो । आमा र सासुहरू छोरी तथा बुहारीहरूलाई घर व्यवहारका महिलाहरूले गर्नुपर्ने, घरगृहस्थीका आवश्यक कुराहरू, कुलाचार, सामाजिक रीतिहरू तथा कर्तव्यका विषयमा तालिम दिँदै जाने गर्दथे । शिक्षा लिने र दिने प्रक्रिया प्राचीनकालदेखि चले तापनि शिक्षा दिनको लागि औपचारिक संस्थाहरू थिएनन् । बालबालिकाको पेसासँग सम्बन्धित कुराहरू, सामाजिक मूल्य मान्यताका कुराहरू, आमाबाबुबाट नै सिक्ने गर्दथे । कतिपय कुराहरू धर्मले निश्चित गरेअनुसार हुने गर्दथ्यो । त्यसैले शिक्षाको प्रारम्भ धार्मिक संस्थाहरूबाट सुरु भएको पाइन्छ ।

हिन्दु परम्पराअनुसार गुरुकुल शिक्षा प्रणालीमा आधारित शिक्षा दिइने गरिन्थ्यो। बौद्ध परम्परा अनुसार गुम्बा र बिहारमा पनि पढाइ हुन्थ्यो। त्यस्तै सत्तल र पिँढीमा पनि पढाइ हुन्थ्यो। गुरुको घरमा गई पढ्ने काम हुने गर्थ्यो (सामाजिक अध्ययन, नेपाल सरकार, २०६८)।

नेपालमा औपचारिक रूपमा आधुनिक शिक्षाको सुरुवात सर्वप्रथम वि.सं. १९१० मा जङ्ग बहादुर राणाले गरेको पाइन्छ। दरबार हाइस्कुलको स्थापनापछि अङ्ग्रेजी शिक्षाको सुरुवात गरेको देखिन्छ। जनसमुदायको तर्फबाट वि.सं. १९३२ मा भोजपुरको दिङ्लामा बालागुरु षडानन्दले संस्कृत विद्यालयको संस्कृत विद्यालय स्थापना गरेका थिए। वि.सं. १९५८ मा राणा प्रधानमन्त्री देवशमशेरले भाषा पाठाशालाहरू खोलेका थिए। उनले १०० भन्दा बढी भाषा पाठशालाहरू खोल्न लगाएका थिए। भाषा पाठशालामा पठनपाठन गर्नका लागि राजा जयपृथ्वीबहादुर सिंहले अक्षराङ्क शिक्षा लेखी शिक्षाको विकासमा ठूलो सहयोग गरेको पाइन्छ। राणा प्रधानमन्त्री चन्द्रशमशेरले वि.सं. १९७५ मा त्रिचन्द्र कलेजको स्थापना गरी नेपालमा उच्च शिक्षाको थालनी गरेको पाइन्छ। वि.सं. १९९० मा नेपालमा एस.एल.सी. बोर्डको स्थापना भएपछि पहिलो पटक दरबार हाइस्कुल र पाटन हाइस्कुलका ३४ जनाले पहिलोपटक नेपालबाट एस.एल.सी. दिएको पाइन्छ। वि.सं. २००७ साल अगाडि नेपालको औपचारिक शिक्षामा कुनै प्रगति नभए तापनि केही आधारहरू खडा गरिएका थिए। वि.सं. २०१६ सालमा त्रिभुवन विश्वविद्यालयको स्थापना भएपछि शिक्षामा थप विकास भएको पाइन्छ। शिक्षामा योजनाबद्ध किसिमबाट २०२८ सालको राष्ट्रिय शिक्षा पद्धतिको सट्टा व्यावसायिक शिक्षा हुनुपर्नेमा जोड दिएको पाइन्छ। वि.सं. २०२८ को शिक्षा ऐनको घोषणापछि नेपालमा योजनाबद्ध किसिमले शिक्षाको विकास हुँदै गएको पाइन्छ। वि.सं.२०३१ सालमा तत्कालीन राजा वीरेन्द्रले प्राथमिक शिक्षा निःशुल्क शिक्षाको घोषणा गरेका थिए। वि.सं. २०३८ सालमा विद्यालयमा पाठ्यक्रम संशोधन गरियो। त्यस्तै २०४९ सालमा पनि पाठ्यक्रम संशोधन गरिएको थियो। वि.सं. २०४९ साल अगाडि नेपाल संस्कृति विश्वविद्यालय (महेन्द्र संस्कृति विश्वविद्यालय) खुलिसकेको पाइन्छ। वि.सं. २०४९ पछि नेपालमा उच्च शिक्षातर्फ बहुविश्वविद्यालयको अवधारणा स्वरूप काठमाडौं विश्वविद्यालय, पोखरा विश्वविद्यालय, पूर्वाञ्चल विश्वविद्यालय खुलेको पाइन्छ (सामाजिक अध्ययन, नेपाल सरकार, २०६८)।

### २.४.३ नेपालमा छात्रा शिक्षाको ऐतिहासिक पृष्ठभूमि

राष्ट्रको विकास कार्यलाई गतिशील बनाउन शिक्षित महिलाको ज्यादै गहन भूमिका हुन्छ। यसलाई ध्यानमा राखेर महिलालाई शिक्षामा समान अवसर दिलाउन शिक्षा मन्त्रालयले वि.सं. २०२८ सालदेखि विविध कार्यक्रम सञ्चालन गर्दै आएको हो। नेपालले युनेस्कोको सदस्यता लिएको धेरै वर्षपछि यसले महिलाहरूको बारेमा चासो लिएको पाइन्छ। नेपालमा सर्वप्रथम वि.सं. २०२७ सालमा युनेस्कोको आर्थिक सहयोगमा पढेका छात्राहरूलाई परिवर्तनका संवाहक (Change Agent) बनाउने सुरुवात गरेको थियो। यसको मुख्य उद्देश्य भनेको पढे लेखेका महिलालाई गाउँघरका प्राथमिक पाठशालामा शिक्षिका बनाएर पठाएमा केटीहरूलाई पनि पढाउनुपर्ने रहेछ र विद्यालयमा पठाउनुपर्ने रहेछ भन्ने धारणा विकास गर्नु थियो। यसै सोचका आधारमा यस कार्यक्रमको थालनी पोखराबाट गरिएको थियो। यस कार्यक्रमलाई Equal Access of Women to Education of Girls and Women of Nepal भनिएको थियो। वि.सं. २०२८ सालमा कास्कीका दुर्गम गाउँका विद्यालय जाने मौका नपाएका केटीहरूलाई पोखरा बहुउद्देश्य विद्यालयमा भर्ना गरिएको थियो। कक्षा ८ उत्तीर्ण गरेपछि स्थानीय प्राथमिक शिक्षक शिक्षण केन्द्रमा शिक्षक प्रशिक्षणमा समावेश गरिएको थियो। वि.सं. २०३७ सालमा यस कार्यक्रमको नाम Education of Girls and Women of Nepal राखिएको थियो। युनेस्को र नेराडसँग सम्झौता भएपछि महिला छात्रावासको व्यवस्थाका लागि आर्थिक सहयोग गराएको थियो। छात्राहरूको पठनपाठनका लागि नेपाल सरकारले दलित, जनजाति, विपन्न, पिछडिएका, जेहेन्दार छात्रवृत्तिको व्यवस्था गरेको छ ( शर्मा, २०६०)।

यदि छात्राहरुले पनि गुणस्तरीय शिक्षा प्राप्त गर्न सकेमा उनीहरु पनि राष्ट्रको विकास निर्माणमा योगदान दिन सक्छन् । देशको सामाजिक विकास, राजनीतिक विकास, आर्थिक विकास, मनोवैज्ञानिक विकास तथा प्राविधिक विकास हुनमा छात्रा शिक्षा अत्यावश्यक देखिन्छ (शर्मा, २०७०)।

**सबैका लागि शिक्षा सम्बन्धी नीति र कार्यक्रम**

सन १९९० को सेप्टेम्बरमा थाइल्याण्डको जोमटिनमा सबैका लागि शिक्षा सम्बन्धी प्रथम सम्मेलन भएको थियो। उक्त सम्मेलनले सबैका लागि शिक्षा सम्बन्धी ३ वटा

लक्ष्यहरू र ती लक्ष्य प्राप्तीका लागि ९ वटा प्रतिवद्धता गरेको थियो । सन् २०१५ सम्म सबैका लागि सम्बन्धी लक्ष्य प्राप्ती गर्न नेपालले सबैका लागि शिक्षा नेपाल राष्ट्रिय कार्ययोजना २००१-२०१५ तयार गरी कार्यान्वयनमा ल्याएको थियो । उक्त कार्ययोजनाले तत्कालिन रणनीति (सन् २००१-२००५) मध्यकालीन रणनीति (सन् २००५-२०१२) र दीर्घकालीन रणनीति (सन् २०१२-२०१५) सम्म लिएको थियो । उक्त सम्मेलनले सन् २०१५ सम्मका लागि सबैका लागि शिक्षाका ६ वटा लक्ष्यहरू निर्धारीत गरेको छ ।

- पूर्वबाल्यावस्था विकासलाई विस्तार र सुधार गर्ने
- सबै बालबालिकाहरूका लागि शिक्षाको पहुच निश्चित गर्ने
- प्रौढ निरक्षरता, घटाउने (५० प्रतिशत ले सुधार गर्ने)
- लैङ्गिक विभेद हटाउने
- शिक्षाका गुणस्तर सम्बन्धी सबै पक्षहरूमा सुधार ल्याउने
- मातृभाषाको माध्यमबाट आधारभूत र प्राथमिक शिक्षा सुनिश्चित गर्ने ।

### २.४.४ सबैका लागि शिक्षा राष्ट्रिय कार्ययोजना नेपाल (सन् २००१-२०१५)

सबैका लागि शिक्षा नोमटेन सम्मेलन सन् १९९० र त्यसपछि त्यसको उपलब्धिको पुनरावलोकन गर्दै सन् २००० मा डकारमा भएको सबैका लागि शिक्षाको विश्व शिक्षा मञ्चमा प्रतिबद्धता जनाएअनुसार सरकारले सन् २०१५ सम्ममा सबै बालबालिकाहरू खासगरी कठिन परिस्थिति तथा अल्पसङ्ख्यक स-साना समुहमा रहेका विभिन्न जातजातिका समुहका बालबालिकाहरूलाई शिक्षामा समान अवसर दिई गुणस्तरीय पूर्ण निःशुल्क तथा अनिवार्य प्राथमिक शिक्षा सुनिश्चित गर्न प्रतिबद्ध छ । दशौं योजनाले यी कुराहरू समेटेको छ (शर्मा एण्ड शर्मा, २०७०) ।

सबैका लागि शिक्षाका लक्ष्यहरू यसप्रकार छन् :

- विशेषगरी असुरक्षित र पिछडिएका बालबालिकाको प्रारम्भिक बाल हेरचाह र शिक्षाको विस्तार एवम् क्षमताको व्यापक विकास गर्ने,
- सन् २०१५ सम्ममा सबै बलबालिकाहरू विशेषगरी कठिन परिस्थितिमा परेका अल्पसङ्ख्यक जातजातिहरूका बालबालिकाहरूका लागि निःशुल्क एवम् अनिवार्य र गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने,

- समुचित सिकाइ तथा जीवनोपयोगी सिप कार्यक्रमका माध्यमबाट सम्पूर्ण बालिका र किशोरीहरूको सिकाइ सम्बन्धी आवश्यकताहरू पूरा गर्न समन्वयायिक पहुँच सुनिश्चित गर्ने,
- खासगरी महिला र सबै प्रौढहरूका निम्ति आधारभूत तथा निरन्तर शिक्षाप्रति समन्वयायिक पहुँचको माध्यमबाट सन् २०१५ सम्म प्रौढ साक्षरताको दुवै तहमा ५० सुधार गर्ने,
- सन् २०१५ सम्ममा प्राथमिक एवम् माध्यमिक शिक्षामा लैङगिक विभेदको अन्त्य गरी शिक्षाका सबै तहमा लैङ्गिक समानता ल्याउने,
- गुणस्तरीय शिक्षाका लागि आवश्यक सबै पक्षहरूमा सुधार गर्न र सबैले शिक्षा पाउने अवसरको व्यवस्था मिलाई जीवनोपयोगी सिपहरू प्रदान गर्ने,
- डकार सम्मेलनका लक्ष्यअनुसार नेपालमा सबैका लागि शिक्षा र राष्ट्रिय कार्ययोजना कार्यान्वयनमा ल्याउने,
- आदिवासी समुहको आफ्नो मातृभाषामा शिक्षा प्रदान गर्ने अधिकार सुनिश्चित गर्ने ।

(कास्की शैक्षिक दर्पण, २०६२।११।१६)

### २.४.५ सामाजिक, सांस्कृतिक परिवर्तनको संवाहकको रूपमा शिक्षा

शिक्षाले मानिसको चेतना मनोवृत्तिमा परिवर्तन ल्याउँछ । शिक्षाको प्रमुख उद्देश्य नै मानिसको व्यक्तित्व जीवन र जीवनशैलीमा परिवर्तन ल्याउनु हो । शिक्षाबाट मानिसको सामाजिक, सांस्कृतिक धरातल निर्माण हुने, परिमार्जित हुने र परिवर्तन समेत हुने गर्दछ । त्यसैले सामाजिक, सांस्कृतिक परिवर्तनको संवाहकका रूपमा शिक्षालाई लिन सकिन्छ । आदिम ऋषिकुल, देवकुल, राजकुल, गुरुकुल र पितृकुलको युगमा शिक्षा सामाजिक परिवर्तन भन्दा सामाजिक नियन्त्रणको माध्यम थियो । तर वर्तमान युगमा शिक्षा सामाजिक र सांस्कृतिक परिवर्तनको सशक्त माध्यम बनेको छ । अहिलेको शिक्षा विज्ञान व्यावसायिक शिक्षा, विशेषीकृत क्षेत्रको शिक्षा, सूचना प्रविधिको शिक्षा भन्ने बुझिन्छ । समाजशास्त्री फ्रान्सिस जे ब्राउनका अनुसार शिक्षा त्यो प्रक्रिया हो जसले सामाजिक व्यवहारमा परिवर्तन ल्याउँछ । शिक्षाका कारणले परम्परागत अन्धविश्वास, रुढीवादी कुरीति, कुसंस्कार लगायत अभौतिक संस्कृति माथिको विश्वासमा ठूलो परिवर्तन हुन जान्छ । मानिस संकुचित

आदेशबाट उदार व्यापक आदेशतिर अग्रसर हुन पुग्छ। शिक्षाको कारणले सामाजिक गतिशीलता बढ्दछ। आधुनिक युगमा शिक्षा त्यो माध्यम हो जसले सामाजिक हैसियत, पद, प्रतिष्ठा र स्तरलाई निर्धारण गर्दछ। शिक्षाबाटै समाज प्रतिबिम्बित हुने गर्दछ र शैक्षिक परिवर्तनपछि नै सामाजिक परिवर्तन आउने गर्दछ। समाजमा भएको शैक्षिक अवस्थाले नै त्यस समाजको विकासको अवस्थालाई निर्धारण गरेको हुन्छ (ढकाल, २०६८)।

### २.४.६ बालमैत्री विद्यालय

शिक्षामा सबैका लागि शिक्षा तथा सहस्राब्दी विकासका लक्ष्य जस्ता क्षेत्रमा नेपालले अन्तर्राष्ट्रिय मञ्चमा अभिव्यक्त गरेका प्रतिबद्धताअनुसार शिक्षा विभागले गुणस्तरीय शिक्षाका लागि बालमैत्री विद्यालय राष्ट्रिय प्रारूप २०६७ प्रकाशन गरेको छ। यस प्रारूपले विद्यालयमा गुणस्तरीय शिक्षाको शिक्षण सिकाइ सञ्चालन, बालमैत्री वातावरण, समसामयिक सुधार गर्दै साधारणको पहुँच हुने कुरामा शिक्षा विभाग आशावादी रहेको छ। विद्यालयमा शिक्षण सिकाइमा प्रभावकारिता समावेशीकरण लैङ्गिक पक्ष, बालबालिकाको स्वास्थ्य र सुरक्षा मातृभाषामा समुदायको सहभागिता विद्यालय व्यवस्थापन जस्ता विविध पक्षमा विद्यालयमा हुनुपर्ने वा गरिने कार्यको न्यूनतम मापदण्ड र अधिकतम मापदण्डको उल्लेख यसमा गरेको छ। बालबालिकाले आफ्नो गति र क्षमताअनुसार रमाइलोसँग सिक्ने वातावरण भएको विद्यालय बालमैत्री विद्यालय हो। यस्ता विद्यालयमा बालबालिकाहरूको क्षमता अनुसार सिकाइको वातावरण तयार गरिन्छ (गुणस्तरीय शिक्षाको लागि बालमैत्री विद्यालय राष्ट्रिय प्रारूप,२०६७)।

आजको हाम्रो आवश्यकता बालबालिकालाई विद्यालयमा मात्र पुऱ्याउनु मात्र होइन। सबै विद्यालयहरूलाई बालबालिकाको इच्छाअनुसार उपयुक्त शिक्षाको व्यवस्थापन गर्न सक्ने बनाउनु पनि हो। त्यसकारण बालअधिकार महासन्धिले पनि बालबालिकाको शिक्षा पाउने अधिकारलाई सुनिश्चित गरेको छ। सोही महासन्धिले सबै बालबालिकाको सर्वाङ्गीण विकासका लागि विना कुनै भेदभाव गुणस्तरीय शिक्षा पाउनुपर्ने आवश्यकता पनि स्वीकार गरेको छ। यसै अधिकारलाई सुनिश्चित गर्न नेपालको अन्तरिम संविधान २०६३ ले मार्ग निर्देशन गरेको छ। मानिसको व्यक्तित्व विकास तथा जीवनको तयारी शिक्षाले गर्दछ। यसको अतिरिक्त शिक्षाले नै सामाजिक तथा आर्थिक विकासको काम गरेको हुन्छ। यसैकारण विश्वका अधिकांश मानिसको शिक्षामा पहुँच बढाउन र शिक्षालाई गुणस्तर

बनाउन विविध प्रयास भइरहेका छन् । राष्ट्रको गन्तव्य वर्तमानमा बालबालिकालाई दिइने शिक्षामा निर्भर रहने हुँदा शैक्षिक कार्यक्रमहरू विद्यालयलाई केन्द्रविन्दु बनाई सञ्चालन गर्नका लागि गुणस्तरीय शिक्षाका लागि बालमैत्री विद्यालय राष्ट्रिय प्रारूप २०६७ कार्यान्वयनमा ल्याएको छ (गुणस्तरीय शिक्षाका लागि बालमैत्री विद्यालय राष्ट्रिय प्रारूप, २०६७) ।

### २.४.७ विद्यालय क्षेत्रका लैङ्गिक संवेदनशीलता


विद्यालय क्षेत्रमा निम्नलिखित कुरामा संवेदन हुनुपर्दछ । मुख्य पाठमा लैङ्गिक रूपले संवेदनशीलता शब्दको प्रयोग हुनुपर्दछ । जस्तै : छात्रछात्रा, बालबालिका, शिक्षक, शिक्षिका शब्दको प्रयोग गर्नुपर्छ । पाठ विषयवस्तुको मुख्य पात्रको रूपमा पुरुष र महिला दुवैलाई समानुपातिक रूपले प्रस्तुत गरिएको हुनुपर्दछ । समाजमा महिला र पुरुष दुवैका भूमिका र कामहरूको समान महत्त्व छ भन्ने कुरामा प्रष्ट पार्नुपर्दछ । विद्यालयमा कुनै प्रकारको छेडछाड, भेदभाव र यौन दुर्व्यवहार हुँदैन भनेर छात्रछात्रा एक आपसमा मिलेर बस्ने वातावरण तयार गर्नुपर्दछ । त्यसैगरी विद्यालयमा लैङ्गिक विभेदरहित शिक्षण सिकाइ क्रियाकलापहरू गर्ने वातावरण सिर्जना गर्नुपर्दछ । विद्यालयमा शिक्षकहरूले छात्राहरूलाई पनि प्रश्न सोध्ने उनीहरूको कठिनाइ बुझेर त्यसमा छलफल गर्ने र छात्राहरूको रुचि र चाहनाअनुसार समुह क्रियाकलाप गराउने र पठनपाठन गर्ने वातावरण तयार गर्नुपर्दछ । शिक्षक शिक्षिकाहरूले छात्रछात्रा दुवैलाई समान रूपले आफ्ना विचार राख्न र योगदान गर्ने वातावरण सिर्जना गर्नुपर्दछ । विद्यालयमा गरिने विभिन्न सहक्रियाकलाप जस्तै खेलकुद, वादविवाद, चित्रकला आदिमा छात्रछात्राहरूको समान सहभागिता गराउनुपर्दछ । अभिभावकबाट छोरीलाई छोरासरह सक्षम छौँ भन्ने भावना जगाउन र सकारात्मक सोच राख्न सहयोग गर्नुपर्दछ । विद्यालयमा छात्रछात्राहरूको लागि छुट्टाछुट्टै शौचालयको व्यवस्था गर्नुपर्दछ । विद्यालयमा शैक्षिक, आर्थिक, भौतिक, लैङगिक समस्याहरू समाधानमा प्र.अ., शिक्षक, कर्मचारी आदिको समन्वय गर्नुपर्दछ । विद्यालय तथा समुदायका बालबालिकाहरूको अवस्था पहिचान गर्नका लागि आधार रेखा तयार गरेको हुनुपर्दछ (लैङ्गिक सचेतना प्याकेज, २०६५) ।

### २.४.८ नेपालमा शिक्षाका विकृतिहरू

नेपालको शिक्षा क्षेत्र यति धेरै विकृति र विसङ्गतिको दलदलमा फस्नुमा कुनै एउटा क्षेत्र, तह दोषी छ भनेर हामी पानीमाथिको ओभानो बन्न सक्दैनौँ । शिक्षक एउटा आदर्शको पुञ्ज हो। जसको प्रकाशमा समाज चम्किएको छ। केही सेवामुखी र केही मेवामुखी शिक्षकहरूको कारण शिक्षा क्षेत्रको बदनाम हुन पुगेको छ । धेरै शिक्षक असल, दक्ष र कर्तव्यबोध हुँदाहुँदै पनि केही गलत कार्यमा लागेका शिक्षकहरूको कारण यस क्षेत्र दुर्गन्धित हुन पुगेको छ । उच्च शिक्षा लिएर पनि रोजगारी नपाएका कारण विद्यार्थी वर्गमा पढाइप्रति बेवास्ता गर्ने प्रकृतिको विकास भएको छ। विद्यालयजस्तो पवित्र संस्थामा राजनीतिक हस्तक्षेप अशोभनीय कुरा हो । भौतिक पूर्वाधार खडा गर्न शैक्षिक गुणस्तरमा सुधार ल्याउन शैक्षिक वातावरण सृजना गर्न एउटा पक्षको मात्र असहयोग भयो भने विद्यालय सञ्चालन गर्न कठिन हुन्छ। विद्यालय सञ्चालन गर्न सबैको सहयोग आवश्यक रहेको हुन्छ। विद्यालयमा भएका विभिन्न किसिमका विकृति र विसङ्गति हटाउन गहन अध्ययन र विश्लेषणको खाँचो रहेको छ। अभिभावक, शिक्षक, प्र.अ., विद्यार्थी, राजनीतिक दल, व्यवस्थापन समितिले आ-आफूले गर्नुपर्ने उत्तरदायित्व पूरा नगरेका कारणले शिक्षा क्षेत्रमा विकृति र विसङ्गतिहरू रहेका छन् (शिक्षक मासिक, २०६८) ।

### २.५.९ विद्यार्थी, शिक्षक र अभिभावकबीचको सम्बन्ध

विद्यालय, शिक्षक, विद्यार्थी र अभिभावकबिच घनिष्ठ सम्बन्ध रहेको हुन्छ। यी समुहबिच सम्बन्ध रहोस् भनेर सरकारले विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघको व्यवस्था शिक्षा ऐन २०२८ मा गरेको छ। विद्यालय प्रशासनले शिक्षक, विद्यार्थी, अभिभावकसँग सुमधुर सम्बन्ध राखी राख्नुपर्दछ। यी तीनमध्ये कुनै एउटा भाग भएन भने विद्यालय अस्तित्वमा रहन सक्दैन। शिक्षकले विद्यार्थीहरूका रुचि, प्रवृत्ति र व्यक्तिगत भिन्नताका आधारमा व्यवहार स्थापित गराउनुपर्दछ। त्यस्तै प्रकारले अभिभावकले आफ्ना छोराछोरीका सिकाइका बारेमा समुदायका मानिसलाई सदैव सजग र क्रियाशील बनाई राख्नुपर्ने दायित्व विद्यालय प्रशासनको हो (ढकाल, २०६८ ।




शिक्षक, विद्यार्थी र समुदायको सम्बन्ध स्थापित भएमा विद्यालय सहज किसिमबाट सञ्चालन हुन सक्छ । जुन अभिभावकका छोराछोरी सो विद्यालयमा पठनपाठन गर्छन्, तिनीहरूका अभिभावकहरू मात्र सो विद्यालयको व्यवस्थापन समितिको अध्यक्ष हुन पाउने व्यवस्था शिक्षा ऐन, २०२८ मा व्यवस्था गरिएको छ । शिक्षक, विद्यार्थी, प्र.अ., व्यवस्थापन समिति, शिक्षक अभिभावक संघको काम कर्तव्य र अधिकारको बारेमा शिक्षा ऐनमा स्पष्ट व्याख्या गरिएको छ (ढकाल, २०६८) ।

## २.५ साहित्यिक पुनरावलोकन


सामाजिक बनावट, भौगोलिक बनोट, सांस्कृतिक तत्त्व, आर्थिक, मनोवैज्ञानिक तत्त्व सबैले विद्यार्थीको शैक्षिक स्तरमा प्रभाव पारिरहेको हुन्छ । सामाजिक बनावटमा छात्राहरूले अन्य समुदायको साथीहरूको संगत, भौगोलिक रूपमा विद्यालयको दुरी, सांस्कृतिक रूपमा विद्यालय जाने, नजाने, पर्व, मेला, बजार आदि आर्थिक रूपमा कमजोर, सम्पन्न तथा मनोवैज्ञानिक रूपमा इच्छाशक्ति, अठोट, उदासिनता, चिन्ताले छात्राहरूको शैक्षिक स्तरमा प्रभाव पारेको हुन्छ (सुवेदी, २०६२) ।

विकासका लागि शैक्षिक विकास महत्त्वपूर्ण पक्ष हो । शैक्षिक विकास विना राष्ट्रिय विकास असम्भव छ । नेपालको सरकारी विद्यालयको संख्यात्मक रूपमा वृद्धि भए तापनि गुणस्तरमा सन्तोषजनक विकास हुन सकेको छैन । महिला र पुरुष एक रथका दुई पाङ्ग्रा भनिए तापनि समाजमा महिलालाई पुरुषको तुलनामा कमजोर व्यक्तिको रूपमा परिभाषित गरिएको छ । यसर्थ हरेक क्षेत्रमा पुरुषको तुलनामा महिला अधिकारबाट वञ्चित भएको

पाइन्छ। अभिभावकहरूमा शैक्षिक चेतनाको कमीले गर्दा छात्राहरूको शिक्षामा प्रभाव पारेको पाइन्छ। किनभने परम्परागत रुढीवादी समाजमा आर्थिक स्तर न्यून हुँदा लैङ्गिक विभेद, सामाजिक मूल्य र मान्यताका कारण यिनीहरुले पढेर पो के गर्छन् र भन्ने सोचाइ रहन्छ। छोरीलाई किन शिक्षा दिनुपर्‍यो ? यदि शिक्षित बनाउनुपरे पनि सरकारी विद्यालयमा भर्ना गर्ने प्रचलन बढी छ (गुरुङ, २०७१)।

## २.६ अवधारणात्मक ढाँचा

महिला शिक्षामा धेरै कारक तत्त्वहरूले प्रभाव पारिरहेका छन्। विभिन्न कारणले गर्दा आमाबाबुले छोरीको शिक्षामा असमान व्यवहार गरिरहेका हुन्छन्। पारिवारिक संरचना आदिले बालबालिकाको शिक्षाको स्तरमा प्रभाव पारेको हुन्छ। राजनैतिक, आर्थिक, सामाजिक, राजनीतिक, मनोवैज्ञानिक पक्षले शिक्षामा निम्नानुसार प्रभाव पारिरहेको छ।



# अध्याय तिन
# अध्ययनको विधि

यस अध्ययनमा आवश्यक विधि तथा तरिकाहरूको प्रयोग गरी आवश्यक तथ्याङ्क सङ्कलन तथा सूचनाहरू प्राप्त गरिएको छ। यसै अध्यायमा छनौट गरिएको क्षेत्रको परिचय, अनुसन्धान ढाँचा, नमुना छनौट प्रक्रिया, तथ्याङ्कको प्रकृति र स्रोत, तथ्याङ्क सङ्कलन गर्ने तरिका, तथ्याङ्कको विश्वसनीयता र वैधता, तथ्याङ्कको विश्लेषण र प्रस्तुतीकरण आदि रहेका छन् ।

## ३.१ अध्ययन क्षेत्रको सामान्य परिचय

गण्डकी अञ्चलका ६ वटा जिल्लामध्ये पर्वत जिल्लामा रहेको पाङ सदरमुकाम कुश्मादेखि ७ किलोमिटर पश्चिममा पर्दछ। यस ठाउँमा रहेका ३ वटा प्रा.वि., २ वटा मा.वि. र १ वटा उच्च मा.वि. को स्रोतकेन्द्र श्री नुवार सुवेदीथर विद्यालय हो। परापूर्वकालमा यस ठाउमा पार्वतीको पाउ पतन भएको विश्वाससँगै यस ठाउँको नाम पाङ रहन गएको किंवदन्तीमा भेटिन्छ। यस ठाउँमा रहेका विद्यालयहरू श्री पाङ धैरेनी मा.वि. ( कुनाचौर), श्री हिमालय उच्च मा.वि. (बगैंचा), श्री नुवार सुवेदीथर मा.वि. (नुवारा), श्री टि.आर. बोर्डिङ (टारा) हुन् ।

यस ठाउँमा सङ्ख्यात्मक किसिमबाट हेर्ने हो भने ब्राह्मण तथा क्षेत्रीको बाहुल्यता बढी रहेको छ। यस क्षेत्रमा अरू पनि जातजाति ठकुरी, नेवार, कामी, दमाई, सार्कीहरू बसोबास गर्दछन्। हाइवेदेखि २ किलोमिटरको दुरीमा रहेको यो ठाउँको आधी बाटो त कालोपत्रे पनि भइसकेको र अब आधा बाटो कालोपत्रे हुन बाँकी रहेको छ। धर्मका हिसाबले हिन्दु धर्मावलम्बीहरूको बाहुल्यता रहेका साथै अरू क्रिश्चियनहरू पनि रहेको पाइन्छ। यस ठाउँका मानिसहरूको मुख्य चाड दशैं, तिहार, तीज, जनैपूर्णिमा रहेका छन्। यस क्षेत्रमा ब्राह्मण, क्षेत्री रहनसहन संस्कृतिले प्रभावित यस गा.वि.स. मा नेपाली भाषा नै प्रमुख छ। यहाँका धेरै मानिसहरू कृषि, पशुपालन र केही पुरुष सेना, प्रहरी र केही वैदेशिक

रोजगारीमा आबद्ध छन् भने महिलाहरू कृषि र घरधन्दामा व्यस्त रहेको पाइन्छ। शिक्षित व्यक्तिहरू सहरी क्षेत्रप्रति आकर्षित भई बसाइसराइँ गरी सहरी क्षेत्रतर्फ गएको पाइन्छ। कृषि पेसामा बढी लाग्नुपर्ने, कमजोर आर्थिक अवस्था र अभिभावकमा शिक्षाप्रतिको चासो पनि कम भएको बालबालिकाको शैक्षिक स्तर निम्न रहेको पाइन्छ। यस गाउँमा अधिकांश मानिसहरू ब्राह्मण रहेका छन् । यहाँका मानिसको आम्दानीको मुख्य स्रोत कृषि तथा वैदेशिक रोजगारी हो ।

यस ठाउँमा रहेका विद्यालयहरूमध्ये श्री पाङ धैरेनी मा.वि. मा कक्षा १ देखि १० सम्म जम्मा २५६ छात्रछात्राहरू अध्ययनरत छन्। जसमा छात्राहरू १२० र छात्र १३६ रहेका छन् जसमध्ये दलित विद्यार्थी जम्मा ९४ जना रहेका छन् भने जातजाति १६ रहेका छन्। अपाङ्ग विद्यार्थी ४ जना रहेका छन्। त्यसैगरी श्री हिमालय उच्च मा.वि. मा जम्मा विद्यार्थी सङ्ख्या ३९४ रहेका छन्। जसमा १७१ छात्र, २२३ छात्रा रहेका छन्। त्यसैगरी ४३ जना दलित छात्र र ७२ जना दलित छात्रा रहेका छन्। त्यसैगरी जनजाति विद्यार्थीहरू छात्र ११ र छात्रा ६ गरी जम्मा १७ जना रहेका छन्।

## ३.२ अध्ययन क्षेत्रको छनौट र औचित्य

पर्वत जिल्लाको कुश्मा नगरपालिका, पाङ-१ को श्री पाङ धैरेनी माध्यमिक विद्यालयमा अध्ययनरत कक्षा ८, ९, १० सम्मका अध्ययनरत छात्राहरूलाई निम्न कारणले गर्दा छनौट गरिएको छ।

- छात्राहरूको शिक्षामा सामाजिक तथा आर्थिक समस्याको पहिचान गर्नका लागि
- यस ठाउँका छात्राहरूको शैक्षिक अवस्था पहिचान गरी शैक्षिक स्तरमा वृद्धि गर्नको लागि

छात्राहरुको, सामाजिक, आर्थिक, सांस्कृतिक, मनोवैज्ञानिक, प्राविधिक समस्याहरु पहिचान गर्नका लागि पर्वत जिल्ला कुश्मा नगरपालिका, पाङ-१ मा अवस्थित श्री पाङ धैरेनी मा.वि., श्री नुवार सुवेदीथर मा.वि., श्री हिमालय उच्च मा.वि., बगैँचामा अध्ययनरत छात्राहरूका विभिन्न आर्थिक, सामाजिक, शैक्षिक, मनोवैज्ञानिक, सांस्कृतिक समस्याहरू रहेका छन्। यस अध्ययन एवम् विश्लेषणबाट यस क्षेत्रमा रहेका छात्राहरूको समस्या समाधान गर्नका लागि सहयोग पुग्नेछ भन्ने आशा गरिएको छ।

## ३.३ अनुसन्धान ढाँचा

यस अध्ययनमा पाङ धैरेनी मा.वि., नुवार सुवेदीथर मा.वि. तथा हिमालय उच्च मा.वि. का छात्राहरूको शैक्षिक, पारिवारिक, सामाजिक, सांस्कृतिक, आर्थिक, प्राविधिक तथा मनोवैज्ञानिक अवस्था पत्ता लगाई छात्राहरूको शैक्षिक स्तर मापन, शैक्षिक स्तरमा प्रभाव पार्ने तत्त्व तथा शैक्षिक समस्याहरूको अध्ययन गरिएकोले प्रस्तुत अध्ययनको ढाँचा विवरणात्मक तथा विश्लेषणात्मक अनुसन्धान ढाँचा प्रयोग गरिएको छ ।

## ३.४ तथ्याङ्कहरूको स्रोत एवम् प्रकृति

यस अध्ययनको अनुसन्धानमा वास्तविक तथ्याङ्क प्राप्त गर्न गुणात्मक तथा सङ्ख्यात्मक माध्यम प्रयोग गर्दै यी विद्यालयमा अध्ययनरत छात्रा एवम् अभिभावकका बिच प्रत्यक्ष गहिरो सम्बन्ध र विश्वासको वातावरण कामय गरी तथ्याङ्कहरू सङ्कलन गरिएको छ । यस अध्ययनमा प्राथमिक तथा द्वितीय दुवै खाले तथ्याङ्कहरू उत्तिकै रूपमा सङ्कलन गरिएको छ । निर्दिष्ट गरिएका उद्देश्यहरूमा आधारित रही विद्यालय, परिवार, विभिन्न पुस्तक, लेख, रचना, पत्रपत्रिका आदि र अध्ययन क्षेत्रमा गई विवरणात्मक र वर्णनात्मक रूपमा तथ्याङ्क सङ्कलन गरिएको छ । प्रस्तुत अध्ययनमा आवश्यक तथ्य, तथ्याङ्क तथा सुझावहरू मूलतः प्राथमिक स्रोतबाट सङ्कलन गरिएको छ । त्यस्तै आवश्यकताअनुसार द्वितीय स्रोतको पनि सहयोग लिइएको छ ।

### ३.४.१ प्राथमिक तथ्याङ्क

यस अध्ययन क्षेत्रमा नै पुगेर प्रश्नावली, अन्तर्वार्ता, अवलोकन आदिका माध्यमबाट लक्षित समूह, छलफल, मुख्य जानकारसँगको अन्तर्वार्ता, विवरणात्मक तथा वर्णनात्मक रूपमा तथ्याङ्क सङ्कलन गरिएको छ ।

### ३.४.२ द्वितीय तथ्याङ्क

यस अध्ययनमा निर्दिष्ट गरिएका उद्देश्यहरूमा आधारित रही विद्यालय, परिवार, विभिन्न पुस्तक, लेख, रचना, पत्रपत्रिका साथै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निकायबाट प्रकाशित तथ्याङ्कहरूलाई आधार बनाइएको छ ।

## ३.५ नमुना छनोट

यस श्री पाङ धैरेनी मा.वि., नुवार सुवेदीथर मा.वि. र हिमालय उच्च मा.वि. मा अध्ययनरत विद्यार्थीहरूमध्ये कक्षा ८ बाट २९ छात्रा, कक्षा ९ बाट २३ छात्रा र कक्षा १० बाट २० छात्रा गरी जम्मा ७२ जना विद्यार्थीहरूलाई मात्र नमुनाका रूपमा छनौट गरिएको छ। असमानुपातिक स्तरीकरण नमुना छनौट विधिका आधारमा नमुना छनौट गरिएको छ।

## ३.६ तथ्याङ्क सङ्कलन विधि

यस अध्ययनका उद्देश्य पूरा गर्नका लागि सत्यतथ्यको नजिक पुग्नुपर्ने हुन्छ। सत्यतथ्यले नजिक नपुगी प्राप्त गरिएका तथ्याङ्कले पूर्णता प्राप्त नगर्ने भएकोले यस अध्ययनलाई व्यवस्थित बनाउने कोसिस गरेको छ। यसका लागि निम्नि विधि प्रयोग गरिएको छ।

### ३.६.१ प्राथमिक तथ्याङ्क

**क) अन्तर्वार्ता अनुसूची**

यस अध्ययनमा निर्दिष्ट गरिएका उद्देश्यहरूमा आधारित रही खुला तथा बन्द प्रश्नावली निर्माण गरी अभिभावक तथा विद्यार्थीबाट अन्तर्वार्ता लिई तथ्याङ्क सङ्कलन गरिएको छ।

**ख) घरधुरी सर्वेक्षण**

यस अध्ययन क्षेत्रमा अध्ययनरत कक्षा ८ देखि १० सम्मका छात्राहरूको घरमा गई ७२ घरधुरी सर्वेक्षण गरी छात्रा र उनीहरूका अभिभावकबाट तथ्याङ्क सङ्कलन गरिएको छ।

**ग) अवलोकन**

यस अध्ययन क्षेत्रमा पुगी छात्राहरूको क्रियाकलाप अवलोकन गर्दै विभिन्न तथ्याङ्क सङ्कलन गरिएको छ। विद्यालय तथा घरमा विद्यार्थीहरूद्वारा गरिएका विभिन्न क्रियाकलापहरूको सहभागी तथा अर्धसहभागी भई अवलोकन गरिएको छ।

### ३.६.२ द्वितीय तथ्याङ्क

अध्ययन गरिएका छात्राहरूको विद्यालयमा गई विद्यालयका अभिलेख, शैक्षिक उपलब्धि, अभिलेख प्रयोग गरी द्वितीय तथ्याङ्क सङ्कलन गरिएको छ ।

## ३.७ तथ्याङ्क प्रस्तुतीकरण र विश्लेषण

सङ्कलन गरिएका तथ्याङ्कहरूलाई संख्यात्मक तथा गुणात्मक एवम् दुवै प्रविधि अपनाई आवश्यकताअनुसार तथ्याङ्कहरू क्रमबद्ध गरी टेबल, वृत्तचित्र, स्तम्भ चित्रमा प्रस्तुत गरी विश्लेषण गरिएको छ। त्यसैगरी भाषा, संस्कृति, मूल्यमान्यता, परम्परा, स्वाभिमान, सम्बन्ध, व्यवहार, मनोविज्ञान आदि समेत विश्लेषण गरिएको छ ।

# अध्याय चार
# छात्राहरूको सामाजिक तथा आर्थिक अवस्था

## ४.१ अध्ययन क्षेत्र/अध्ययनको क्षेत्रको सामाजिक संरचना

पर्वत जिल्ला सदरमुकाम कुश्मादेखि पश्चिममा रहेको पाङ भौगोलिक रूपले मध्यम देखिन्छ। सदरमुकाम कुश्मादेखि ७ किलोमिटर पश्चिम दिशातर्फ रहेको यस ठाउँमा जान पोखरा-बाग्लुङ हाइवेदेखि २ किलोमिटर दुरी लाग्छ। यस क्षेत्रमा खेतीपाती पनि निकै राम्रो हुन्छ। एउटा उखान पनि छ नि "देउपुरको जस्तो खेतीपाती, बाजुङको जस्तै गाउँ, उराठलाग्दो दुर्लुङको डाँडो, मोहनी लाग्ने पाङ"। हुन पनि हो यो ठाउँ सौन्दर्यले भरिपूर्ण छ। तराई प्रदेश जस्तो समथर भूमि ठूला-ठूला खेतबारी, प्रशस्त अन्नबाली यहाँको विशेषता नै हो। तिन डाँडा रहेकोमा तिन गाउँ एकपछि अर्को आउनाले एक डाँडाबाट हेर्दा अर्को गाउँ एकदमै रमणीय लाग्छ। यस क्षेत्रमा बसोबास गर्ने जातजातिहरूमा ब्राह्मण, क्षेत्री, नेवार, ठकुरी, कामी, सार्की रहेका छन्। यहाँका मानिसहरूको मुख्य पेशा कृषि रहेको छ। खेती, पशुपालनका अतिरिक्त देश र विदेशका सैनिक पेशा तथा वैदेशिक रोजगार यस क्षेत्रका मानिसहरूका मुख्य स्रोतहरू हुन्। यस ठाउँमा रहेका मानिसहरूको आर्थिक अवस्था सामान्य किसिमको रहेको छ। श्री पाङ धैरेनी मा.वि. मा अध्ययन गर्ने छात्राहरूको सामाजिक, सांस्कृतिक, आर्थिक, शैक्षिक अवस्थाका बारेमा यस अध्ययनमा विश्लेषण गरिएको छ।




स्रोत : www.google.com

## ४.२ परिवारको संरचना

यस ठाउँमा अधिकांश परिवारहरू एकल परिवारमा बसोबास गर्दै आएका र केही संयुक्त परिवारमा बसोबास गर्दै आएको पाइन्छ । विशेषगरी ग्रामीण क्षेत्रमा बसोबास गर्ने मानिसहरू पहिले संयुक्त परिवारमा बस्दै आए तापनि पछिका समयमा एकल परिवारको सङ्ख्या वृद्धि हुँदै गएको पाइन्छ । पछिका समयमा यस क्षेत्रका मानिसहरू वैदेशिक रोजगारप्रति आकर्षण भएको र एकल परिवारका रूपमा छुट्टिएर बस्ने मानिसको सङ्ख्या बढेको पाइएको छ ।

आफ्ना छोराछोरीलाई शिक्षा, स्वास्थ्य, भौतिक सुविधा दिई तिनीहरूलाई भविष्यमा राम्रो बनाउन सकिन्छ भन्ने सोचका कारण एकल परिवारप्रति आकर्षण बढेको पाइन्छ ।

### तालिका ४.१

### परिवारको विवरण

| क्र.सं. | घरधुरी | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १. | ब्राह्मण | १५० | ४४.११ |
| २. | क्षत्री | २२ | ६.४७ |
| ३. | नेवार | २४ | ७.०५ |
| ४. | दमाई | ४९ | १४.४१ |
| ५. | कामी | ३५ | १०.२९ |
| ६. | सार्की | ६० | १७.६७ |
| | जम्मा | ३४० | १०० |

स्रोत गा.वि.स. भवन, पाङ, २०७४

यस अध्ययन क्षेत्रमा रहेका जम्मा घरधुरी ३४० मध्ये सबैभन्दा बढी ब्राह्मण १५० (४४.११ प्रतिशत) र सबै भन्दा कम क्षत्री २२ (६.४७ प्रतिशत) घरधुरी रहेको पाइयो ।

### तालिका ४.२

### परिवारको विवरण

| परिवारको किसिम | परिवार सङ्ख्या | प्रतिशत |
|---|---|---|
| एकल | ४० | ५५.५६ |
| संयुक्त | ३२ | ४४.४४ |
| जम्मा | ७२ | १०० |

स्रोत : कार्यक्षेत्र अध्ययन, २०७४

यस क्षेत्रका धेरै छात्राहरू एकल परिवारमा रहेको पाइन्छ। यस अध्ययनअनुसार ५५.५६ एकल परिवारमा र ४४.४४ संयुक्त परिवारमा बसोबास गर्ने गरेको पाइयो । विश्व परिवेशमा रहेको आधुनिकताको प्रभाव ग्रामीण क्षेत्रमा पनि परेको पाइन्छ। यसरी हेर्दा संस्कृति, परम्परा, मूल्यमान्यताका आधारमा समाज विकासतिर लम्केको देखिन्छ। एकल परिवारको सङ्ख्या दिनदिनै बढ्दै गइरहेको छ भने संयुक्त परिवारको सङ्ख्या घट्दै गइरहेको

देखिन्छ । एकल विवाहित परिवारमा एक दम्पती र यिनका अविवाहित बालबच्चा रहेका छन् ।

## ४.३ पारिवारिक पेशा

यस क्षेत्रमा बसोबास गर्ने मानिसहरूको मुख्य पेशा कृषि तथा पशुपालन नै हो । यहाँ पुरानो किसिमको कृषि प्रणाली रहेको छ । सिँचाइको कुनै व्यवस्था नभएको हुँदा आकाशे पानीको भरमा खेती गर्नुपर्ने बाध्यता रहेको पाइन्छ । गाई, गोरु, भैँसी, बाखा पाल्ने गरिएको पाइन्छ । खेती गर्दा पर्म लगाउने चलन रहेको छ । यस ठाउँका लोग्ने मानिसहरू देश तथा विदेशका सेना तथा प्रहरीमा र वैदेशिक रोजगारमा कार्यरत छन् । तरकारीको पनि राम्रो उब्जनी हुने हुँदा यहाँका मानिसहरूले यसबाट पनि मनग्य फाइदा लिने गरेका छन् । पुरुष वैदेशिक रोजगारीमा आबद्ध र महिलाहरू घरमा नै बसी विभिन्न कृषि उत्पादन गरी जीविकोपार्जन गरेका छन् ।

**तालिका ४.३**

**पारिवारिक पेशा विवरण**

| पेशा | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| कृषि | ७२ | १०० |
| नोकरी | ६० | ८३.३३ |
| व्यापार | ५५ | ७६.३८ |
| वैदेशिक रोजगार | ४३ | ५९.७२ |
| अन्य | ७ | ९.७२ |

स्रोत : कार्यक्षेत्र अध्ययन, २०७४

यस अध्ययनअनुसार धेरैको आयको स्रोत कृषि तथा नोकरी नै रहेको पाइयो । नेपाल कृषिप्रधान देश भएकोले अझै पनि ग्रामीण भेगका मानिसहरू प्रायजस्तो कृषिमा नै निर्भर हुन्छन् र यसका साथसाथै अन्य पेशा पनि अँगालेका हुन्छन् । मुख्य पेशा कृषि भए तापनि अन्य सहायक पेशाका रूपमा डकर्मी, सूचीकार, सिकर्मी पनि पाइयो । १०० प्रतिशत परिवार कृषि पेशा तथा नोकरीमा लागे तापनि उनीहरूको परिवारको ५९.७२ प्रतिशत

सदस्य वैदेशिक रोजगारमा गएको पाइयो । रोजगारीमा विदेशमा रहेका तथा सेनामा रहेका व्यक्तिका छोराछोरीहरू सहरी क्षेत्रमा लगी बोर्डिङ स्कुलमा पढाउने गरेको पाइयो ।

## ४.४ कृषि उत्पादन र त्यसले पुग्ने समय

यस अध्ययन क्षेत्रको मुख्य उत्पादन धान, मकै, गहुँ र कोदो रहेको छ । तरकारीका रूपमा आलु, काउली, बन्दा लगाउने गरेको पनि पाइन्छ । परम्परागत खेती प्रणाली अनुसार कृषि गरिने हुँदा कृषिको उत्पादन मध्यम किसिमको हुन्छ । धेरैजसो घरपरिवारलाई एक वर्षभन्दा बढी कृषि उत्पादन पुग्ने भेटियो र केहीलाई ६ महिना वा ८ महिनासम्म पुग्ने पाइयो । अरू महिला बजारबाट बेसाएर खाने गरेको पाइयो । गहुँ, मकै र कोदो वर्षदिनसम्म पुग्ने तर धान नपुगेकोले चामल बेसाउन पर्ने देखियो ।

**तालिका ४.४**

**पारिवारिक कृषि उत्पादन र त्यसले पुग्ने समय तालिका**

| समय | परिवार सङ्ख्या | प्रतिशत |
|---|---|---|
| ६ महिनासम्म पुग्ने | २५ | ३४.७२ |
| ६ महिनादेखि १ वर्षसम्म पुग्ने | १७ | २३.६१ |
| १ वर्षदेखि बढी पुग्ने | ३० | ४१.६७ |
| जम्मा | ७२ | १०० |

स्रोत : कार्यक्षेत्र अध्ययन, २०७४

यस तालिका अनुसार ३४.७२ परिवारलाई ६ महिनासम्म उत्पादित खाद्यान्नले पुग्ने गरेको र बाँकी समय खाद्यान्न किनेर खाने गरेको पाइयो । ४१.६७ परिवारलाई उत्पादित खाद्यान्नले १ वर्षभन्दा बढी पुग्ने गरेको पाइयो । २३.६१ परिवारले आफूले उत्पादन गरेको अन्न वर्षदिन सम्म मात्र पुग्ने गरेको पाइयो ।

## ४.५ अभिभावकको आर्थिक स्थिति

यस अध्ययन क्षेत्रका अभिभावकको आर्थिक स्थिति मध्यम किसिमको पाइएको छ । घरमा परेको आर्थिक संकटलाई विभिन्न माध्यमबाट पूरा गरेको पाइयो । आम्दानीको स्रोत

कृषि, ज्याला मजदुरी, नोकरी, व्यापार, वैदेशिक रोजगार, नेपाल सेना तथा प्रहरीमा आबद्ध रहेको पाइयो । घरपरिवारका व्यक्ति कृषि पेशामा नै आबद्ध रही सिकर्मी, डकर्मी गर्ने गरेको पाइयो । स्थानीय स्तरमा नै काम गर्ने अभिभावकको आर्थिक स्तर कमजोर रहेको छ ।

**तालिका ४.५**

**अभिभावकको वार्षिक आम्दानीको स्थिति**

| **आम्दानी (रू.)** | **परिवार सङ्ख्या** | **प्रतिशत** |
|---|---|---|
| ५०,००० सम्म | २५ | ३४.७२ |
| ६०,००० सम्म | २० | २७.७८ |
| ८०,००० सम्म | १५ | २०.८३ |
| १,००,००० भन्दा बढी | १२ | १६.६७ |
| जम्मा | ७२ | १०० |

स्रोत : कार्यक्षेत्र अध्ययन, २०७४

यस अध्ययनले न्यून आय हुने परिवार ३४.७२ रहेको र राम्रो आम्दानी हुने परिवार १६.७२ रहेको देखाउँछ । आयका स्रोतहरू जिन्सी उत्पादन, ज्यालादारी गर्ने, नोकरी रहेका छन् । समष्टिमा हेर्ने हो भने यस क्षेत्रका अभिभावकहरूको आर्थिक स्थिति मध्यम खालको पाइन्छ ।

## ४.६ अभिभावकको शैक्षिक स्तर

यस ठाउँका अभिभावकहरूको शैक्षिक स्थिति मध्यम खालको रहेको छ । धेरै जस्तो अभिभावकमा पुरुषहरूको भन्दा महिलाहरूको शैक्षिक स्तर कम रहेको पाइन्छ । धेरै जस्तो अभिभावकहरूले माध्यमिक तहसम्मको शिक्षा लिएको पाइन्छ । एस.एल.सी. उत्तीर्णपछिको शिक्षाका लागि अन्यत्र जानुपर्ने भएकोले क्याम्पस स्तरको शिक्षा लिने अभिभावक कम पाइयो । एस.एल.सी. फेलपछि विभिन्न पेशा गर्ने भएकोले यस क्षेत्रको अभिभावकको शैक्षिक स्थिति मध्यम खालको रहेको पाइन्छ ।

**तालिका ४.६**

**छात्राहरूको अभिभावकको शैक्षिक स्थिति**

| शैक्षिक स्तर | बाबुको सङ्ख्या | प्रतिशत | आमाको सङ्ख्या | प्रतिशत |
|---|---|---|---|---|
| प्रा.वि. | - | - | २ | २.७७ |
| नि.मा.वि. | ६ | ८.३३ | २२ | ३०.५५ |
| मा.वि. | ५० | ६९.४४ | ३८ | ५२.७७ |
| आइ.ए वा +२ | १० | १३.८८ | ८ | ११.११ |
| क्याम्पस | ६ | ८.३३ | २ | २.७७ |
| जम्मा | ७२ | १०० | ७२ | १०० |

स्रोत : कार्यक्षेत्र अध्ययन, २०७४

यस अध्ययनले छात्राहरूको अभिभावकमा पुरुषको तुलनामा महिला कम शिक्षित रहेको देखाउँछ । नि.मा.वि. सम्म अध्ययन गर्ने बाबुको सङ्ख्या ६ र आमाको सङ्ख्या २२ रहेको त्यस्तै मा.वि. अध्ययन गर्ने बाबुको सङ्ख्या ५० र आमाको सङ्ख्या ३८ रहेको छ । त्यस्तै आइ.ए. वा +२ अध्ययन गर्ने बाबुको सङ्ख्या १० र आमाको सङ्ख्या ८ रहेको छ भने स्नातकसम्म अध्ययन गर्ने बाबुको सङ्ख्या ६ र आमाको सङ्ख्या २ रहेको छ ।

## ४.७ छात्राहरूको उमेर संरचना

यस ठाउँका छात्राहरू गहुँ गोरा, पातला, अग्ला शरीर भएका देखिन्छन् । उनीहरू १५/१६ वर्षको उमेरमा कक्षा ९/१० मा पढ्ने गरेको पाइन्छ । सरकारले कक्षा ७ सम्मका छात्रछात्राहरूलाई उदार कक्षा नीति लिएको हुँदा पनि पढाइको स्तर कमजोर भए तापनि कक्षा ९/१० सम्म आइपुग्ने गरेको देखिन्छ । शिक्षकहरूमा उदार कक्षा नीति भनेको के हो त्यसको ज्ञान नभएर पनि पढाइको स्तर कमजोर हुँदाहुँदै ९/१० कक्षासम्म पुगेको पाइन्छ ।

**तालिका ४.७**

**छात्राहरूको उमेर संचरना कक्षा ८ देखि १० सम्म**

| कक्षा | १२ वर्ष | १३ वर्ष | १४ वर्ष | १५ वर्ष | १६ वर्ष | १७ वर्ष | १८ वर्ष | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| ८ | २ | ९ | ८ | ८ | - | - | - | २७ |
| ९ | - | - | ७ | १० | ४ | - | - | २१ |
| १० | - | - | १ | २ | ११ | ५ | ५ | २४ |
| जम्मा | २ | ९ | १६ | २० | १५ | ५ | ५ | ७२ |

स्रोत : कार्यक्षेत्र अध्ययन, २०७४

यस अध्ययनअनुसार छात्राहरूले १६/१७ वर्षमा एस.एल.सी. परीक्षा दिने गरेको पाइन्छ ।

## ४.८ पारिवारिक भौतिक सुविधा

यस अध्ययन क्षेत्रका सबै ठाउँमा विद्युतीकरणको सुविधा भएको छ । विद्युतीकरण भएका कारणमा सबैको घरमा टेलिभिजनको सुविधा पनि भएको पाइन्छ । सबैजसो अभिभावकको घरमा मोबाइल सुविधा पनि रहेको छ । ग्याँस, राइस कुकर, पङ्खा, ल्यापटप जस्ता सुविधा पनि प्रायजसोको घरमा पाइयो ।

**तालिका ४.८**

**छात्राहरूको पारिवारिक भौतिक सुविधा विवरण**

| भौतिक सुविधा | परिवार सङ्ख्या | प्रतिशत |
|---|---|---|
| रेडियो | ५० | ६९.४४ |
| मोबाइल | ७२ | १०० |
| विद्युत | ७२ | १०० |
| टेलिभिजन | ६५ | ९०.२७ |

स्रोत : कार्यक्षेत्र अध्ययन, २०७४

यस अध्ययनअनुसार विद्यार्थीहरूको पढ्नका लागि विद्युत तथा इमर्जेन्सी लाइटको व्यवस्था गरिदिएको पाइन्छ । प्रत्येक अभिभावकसँग मोबाइल भएको पाइन्छ । मोबाइल

कसैले आफैँ किनेको र कसैलाई आफ्ना छोराछोरी तथा आफन्तहरूले दिएको पाइयो। विद्युत जडान गर्ने परिवार १०० नै रहेको पाइयो। यसरी समग्रमा हेर्दा यस गाउँका मानिसहरूले विद्युत, टेलिभिजन, मोबाइल तथा रेडियोको प्रयोग राम्रोसँग गरेको देखिन्छ।

## ४.९ छात्राहरूको पारिवारिक धर्म

नेपाल एक बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक तथा बहुधार्मिक स्वतन्त्र राज्य हो। यस क्षेत्रमा पनि बहुसांस्कृतिक र बहुधार्मिक मानिसहरू बसोबास गरेको पाइन्छ। यस ठाउँमा संख्यात्मक किसिमबाट हेर्ने हो भने ब्राह्मण तथा क्षेत्री समुदायको बाहुल्यता बढी भएको पाइन्छ। ब्राह्मण क्षेत्री रहनसहन संस्कृतिले प्रभावित यस ठाउँमा नेपाली भाषा नै प्रमुख रहेको पाइन्छ। सबै जातजातिहरूले हिन्दु धर्म मान्ने गरेको पाइन्छ भने एकादुई घर परिवारले क्रिश्चियन धर्म मान्ने गरेको पाइन्छ। पछिल्लो समयमा आएर क्रिश्चियन धर्मप्रति मानिसहरूको आकर्षण बढेको देखिन्छ।

**तालिका ४.९**

**छात्राको पारिवारिक धर्म विवरण**

| धर्म | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| हिन्दु | ६१ | ८४.७२ |
| बौद्ध | - | - |
| क्रिश्चियन | ११ | १५.२७ |
| जम्मा | ७२ | १०० |

स्रोत : कार्यक्षेत्र अध्ययन, २०७४

यस ठाउँमा अधिकांश मानिसहरू ब्राह्मण, क्षेत्री भएको हुँदा धेरैले हिन्दु धर्म र केही तल्लो जाति कामी, सार्की भनिने जातिले क्रिश्चियन धर्म मान्ने गरेको पाइयो। यसरी पछिल्लो समयमा आएर मानिसहरूको क्रिश्चियन धर्मप्रति झुकाव राख्ने घरपरिवारको सङ्ख्या बढ्दै गएको पाइन्छ।

# अध्याय पाँच

# छात्राहरूको शैक्षिक स्थिति

यस अध्यायमा पाङमा रहेका विद्यालयको विवरण, विद्यार्थी भर्ना विवरण, छात्रहरुको विगतको शैक्षिक उपलब्धि, छात्राहरुको मनपर्ने विषय र छात्राहरुमा सूचना तथा प्रविधिको ज्ञानको बारेमा व्याख्या तथा विश्लेषण गरिएको छ ।

## ५.१ पाङमा रहेका विद्यालयको विवरण

नेपालमा विद्यालयस्तरको शिक्षण अङ्ग्रेजी र नेपाली भाषाका माध्यमबाट दिइने गरिएको छ । अङ्ग्रेजी माध्यमबाट निजी विद्यालयले र नेपाली भाषाका माध्यमबाट सार्वजनिक विद्यालयमा पठनपाठन हुने गरेको पाइन्छ । अहिले सहरी क्षेत्रका केही सार्वजनिक विद्यालयले पनि अङ्ग्रेजी भाषामा पठनपाठन गर्न थालेको पाइन्छ । यस्ता विद्यालयमा विद्यार्थीको चाप बढी भएको पाइन्छ । नेपालको सामुदायिक विद्यालयहरूको शैक्षिक स्तर निजी विद्यालयको शैक्षिक स्तरभन्दा कमजोर रहेको पाइन्छ । सामुदायिक विद्यालयको भौतिक पक्ष कमजोर, शैक्षिक तथा प्रशासनिक पक्षहरू कमजोर, राजनीतिक हस्तक्षेप, सामाजिक, सांस्कृतिक तथा भौगोलिक हिसाबले गर्दा शिक्षाको स्तरमा विकास हुन सकेको देखिँदैन । सहरी क्षेत्रको सामुदायिक विद्यालयको शैक्षिक स्तर कमजोर रहेको छ । त्यस्तै छात्रा शिक्षालाई हेर्ने हो भने छात्रछात्राका बिचमा विभेद रहेको छ । ग्रामीण क्षेत्रमा अहिले पनि छोरी अरूको घरमा जाने वा अरूलाई बुझाउने नासो हो किन धेरै पढाउन पर्छ भन्ने धारणा रहेको छ । छोरीलाई आर्थिक भारका रूपमा लिनु, उनीहरूप्रति लगाइएको लगानी प्रतिफलको अपेक्षा नहुनु जस्ता अवधारणाका कारण छात्राहरूको शैक्षिक स्तरमा कमी आएको पाइन्छ । यस्तो धारणा सहरी क्षेत्रको तुलनामा ग्रामीण क्षेत्रमा बढी रहेको पाइन्छ । समुदायमा हुने विभिन्न संस्कारहरूमा छात्राहरूको संलग्नता बढी हुने हुँदा पनि यसले असर पारेको देखिन्छ ।

यस क्षेत्रको शैक्षिक स्थितिलाई हेर्ने हो भने यस क्षेत्रमा एक उच्च मा.वि., ३ वटा मा.वि. र ६ वटा प्रा.वि. रहेका छन् । यहाँका उच्च मा.वि. को तहमा व्यवस्थापन र शिक्षा सङ्कायमा पठनपाठन हुँदै आएको छ । यस ठाउँमा रहेका विद्यालयहरूको नामावली यस प्रकार रहेको छ ।

**तालिका ५.१**

**पाङमा भएका विद्यालयको विवरण**

| क्र.सं. | विद्यालय | ठेगाना |
|---|---|---|
| १. | श्री हिमालय उच्च मा.वि. | कुश्मा नगरपालिका-२, खरिकोट |
| २. | श्री पाङ धैरेनी मा.वि. | कुश्मा नगरपालिका-१, पाङ |
| ३. | श्री नुवार सुवेदीथर मा.वि. | कुश्मा नगरपालिका-१, पाङ |
| ४. | श्री खरिबोट गो.दे. मा.वि. | कुश्मा नगरपालिका-१, पाङ |
| ५. | श्री सिंघाली प्रा.वि. | कुश्मा नगरपालिका-१, पाङ |
| ६. | श्री श्रमिक प्रा.वि. | कुश्मा नगरपालिका-१, पाङ |
| ७. | श्री लक्ष्मी प्रा.वि. | कुश्मा नगरपालिका-१, पाङ |
| ८. | श्री जनता प्रा.वि. | कुश्मा नगरपालिका-१, पाङ |
| ९. | श्री गणेश प्रा.वि. | कुश्मा नगरपालिका-१, पाङ |
| १०. | श्री चण्डिका प्रा.वि. | कुश्मा नगरपालिका-१, पाङ |

स्रोत : कार्यक्षेत्र अध्ययन, २०७४

यस अध्ययन क्षेत्र पाङमा अवस्थित रहेका दस विद्यालयहरुमा हिमालय मा.वि., पाङ धैरेनी मा.वि., नुवार सुवेदीथर मा.वि., खरिबोट गो.दे. मा.वि., सिंधाली प्रा.वि., श्रमिक प्रा.वि., लक्ष्मी प्रा.वि., जनता प्रा.वि., गणेश प्रा.वि. र चण्डिका प्रा.वि. रहेका छन् । यो शोधपत्र धैरेनी मा.वि. मा अध्ययनरत छात्राहरुसँग सम्बन्धित रहेको छ ।

## ५.२ विद्यार्थी भर्ना विवरण

यस पाङ धैरेनी मा.वि. मा अध्ययनरत विद्यार्थीहरूको भर्ना विवरण निम्नानुसार रहेको छ ।

**तालिका ५.२**

**श्री पाङ धैरेनी मा.वि. का विद्यार्थीहरूको विवरण २०७४**

| कक्षा | जम्मा विद्यार्थी | | | दलित विद्यार्थी | | | जनजाति विद्यार्थी | | | अपाङ्ग | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| एक | १० | ११ | २१ | ७ | ५ | १२ | ० | ० | ० | ० | ० | ० |
| दुई | ९ | १० | १९ | ४ | ५ | ९ | ० | ० | ० | ० | ० | ० |
| तिन | १२ | १४ | २६ | ८ | ४ | १२ | ० | ० | ० | ० | १ | १ |
| चार | १५ | १३ | २८ | ३ | २ | ५ | ० | ० | ० | ० | ० | ० |
| पाँच | ११ | ९ | २० | २ | ३ | ५ | १ | ० | १ | ० | १ | १ |
| छ | १३ | १७ | ३० | ६ | ७ | ११ | १ | १ | २ | ० | १ | १ |
| सात | १९ | १४ | ३३ | २ | ४ | ६ | २ | १ | ३ | १ | ० | १ |
| आठ | १८ | ११ | २९ | ५ | ६ | ११ | ३ | २ | ५ | ० | ० | ० |
| नौ | १७ | १२ | २९ | ६ | ६ | १२ | १ | २ | ३ | ० | ७ | ० |
| दश | १२ | ९ | २१ | ६ | ५ | ११ | १ | १ | २ | ० | ० | ० |
| जम्मा | १३६ | १२० | २५६ | ४९ | ४५ | ९४ | ९ | ७ | १६ | १ | ३ | ४ |

स्रोत : कार्यक्षेत्र अध्ययन, २०७४

## ५.३ छात्राहरूको भर्ना सङ्ख्या

यस अध्ययन क्षेत्रका तिन विद्यालयमा अध्ययनरत विद्यार्थीहरूमध्ये कक्षा ८ देखि १० सम्मका छात्राहरूको भर्ना विवरण यसप्रकार छ ।

**तालिका ५.३**

**छात्राहरूको भर्ना विवरण**

| विद्यालयको नाम | विद्यार्थी सङ्ख्या | | | |
|---|---|---|---|---|
| | कक्षा ८ | कक्षा ९ | कक्षा १० | जम्मा |
| श्री पाङ धैरेनी मा.वि. | ११ | १२ | ९ | ३२ |
| श्री नुवार सुवेदीथर मा.वि. | १५ | ११ | १५ | ४१ |
| श्री हिमालय उच्च मा.वि. | १४ | १६ | २० | ५० |
| जम्मा | ४० | ३७ | ४४ | १२१ |

स्रोत : कार्य क्षेत्र अध्ययन, २०७४

श्री हिमालय उच्च मा.वि. मा सबैभन्दा धेरै विद्यार्थी ५० र थोरै धैरेनी मा.वि मा जम्मा ३२ जना रहेकामा यी मध्येबाट कक्षा ८ बाट २९, कक्षा ९ बाट २३ र कक्षा १० बाट २० जना छात्रा गरी जम्मा ७२ जनालाई नमुना छनोट गरिएको छ ।

## ५.४ छात्राहरूको विगतको शैक्षिक उपलब्धि

यस अध्ययन क्षेत्रका छात्राहरूको अघिल्लो कक्षाबाट उत्तीर्ण लब्धाङ्क पत्रअनुसार शैक्षिक उपलब्धि निम्नानुसार रहेको छ ।

**तालिका ५.४**

**छात्राहरूको अघिल्लो कक्षाको शैक्षिक उपलब्धि विवरण**

| श्रेणी | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| प्रथम | १९ | २६.३९ |
| द्वितीय | २८ | ३८.८९ |
| तृतीय | २५ | ३४.७२ |
| जम्मा | ७२ | १०० |

स्रोत : कार्य क्षेत्र अध्ययन, २०७४

यसरी हेर्दा छात्राहरूको अघिल्लो कक्षाबाट उत्तीर्ण हुँदा प्रथम श्रेणीमा ३६.३९, द्वितीय श्रेणीमा ३८.८९ र तृतीय श्रेणीमा ४१.६६ रहेको छ । यसरी हेर्दा छात्राहरू मध्यम खालका रहेको पाइयो ।

## ५.५ छात्राहरूको मनपर्ने विषय

मानिसको रुचि फरकफरक किसिमको हुन्छ । सबै बालबालिकाको शैक्षिक स्तर र क्षमता एउटै किसिमको हुँदैन । छात्राछात्राहरूको आफ्नो आफ्नो रुचिअनुसार विषय मन पराउने गरेको पाइन्छ । यस अध्ययनले क्षेत्रमा अध्ययन गरिएका छात्राहरूको रुचि फरक फरक रहेको पाइयो ।

**तालिका ५.५**

**छात्राहरूले मन पराउने विषयको विवरण**

| **विषय** | **मन पराउने सङ्ख्या** | **प्रतिशत** |
|---|---|---|
| नेपाली | २० | २७.७८ |
| अङ्ग्रेजी | ६ | ८.३३ |
| गणित | ४ | ५.५३ |
| विज्ञान | १५ | २०.८३ |
| सामाजिक | १२ | १६.६७ |
| जनसङ्ख्या | १५ | २०.८३ |
| जम्मा | ७२ | १०० |

स्रोत : कार्यक्षेत्र अध्ययन, २०७४

यस अध्ययनमा ६ वटा अनिवार्य विषयमध्ये नेपाली विषय मन पराउने २७.७८ सबैभन्दा धेरै र सबैभन्दा थोरै मन पराउने विषय गणित ५.५३ रहेको पाइयो ।

यसरी यस अध्ययन क्षेत्रमा सबैभन्दा बढी नेपाली विषय मन पराउनुका कारणहरुमा आफ्नै मातृभाषा भएको, सजिलै बुझ्न सकिने, कथा, कविता, निबन्धहरु समावेश भएको बुझ्न सजिलो लेख्न सजिलो भएको भेटियो भने अङ्ग्रेजी तथा गणित विषय कम मन पराउनका कारणहरु विषयवस्तु बढी जटिल, समस्यामूलक, विद्यार्थीको क्षमता, आवश्यकता, स्तर अनुसारको पाठ्यक्रम निर्माण नभएको भेटियो । त्यसैले यदि पाठ्यक्रम विद्यार्थीको रुचि, क्षमता, स्तर आवश्यकता अनुसार निर्माण गरियो भने गणित, अङ्ग्रेजी, विज्ञान जस्ता विषयहरुमा विद्यार्थीको रुचि बढ्न सक्छ ।

**तालिका ५.६**

**छात्राहरूले मन पराउने एकभन्दा बढी विषयको विवरण**

| विषय | मन पराउने सङ्ख्या | प्रतिशत |
|---|---|---|
| नेपाली, सामाजिक | १० | १३.८९ |
| विज्ञान, गणित | १२ | १६.६७ |
| अङ्ग्रेजी सामाजिक | ११ | १५.७८ |
| जनसङ्ख्या, नेपाली | १८ | २५ |
| नेपाली, विज्ञान | १२ | १६.६७ |
| विज्ञान, अङ्ग्रेजी | ९ | १२.५ |
| जम्मा | ७२ | १०० |

स्रोत : कार्यक्षेत्र अध्ययन, २०७४

यस अध्ययन क्षेत्रका ६ वटा अनिवार्य विषयमध्ये जनसङ्ख्या र नेपाली विषय मन पराउने २५ प्रतिशत सबैभन्दा बढी र सबैभन्दा थोरै मन पराउने विषय अङ्ग्रेजी, विज्ञान १२.५ प्रतिशत रहेको पाइयो ।

## ५.६ छात्राहरूलाई अभिभावकहरूबाट पढाइमा हुने सहयोग

यस अध्ययन क्षेत्रका अभिभावकहरू केही शिक्षित र केही अशिक्षित रहेका छन् । एस.एल.सी. भन्दा बढी अध्ययन गरेका अभिभावकहरूले पढाइमा सहयोग गर्न सक्ने पाइयो । छात्राहरूको पढाइमा सहयोग गर्न सक्ने अभिभावकको विवरण निम्नानुसार छन् ।

**तालिका ५.७**

**पढाइमा सहयोग विवरण**

| पढ्न सिकाउन | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| सक्ने | २३ | ३१.९४ |
| नसक्ने | ४९ | ६८.०६ |
| जम्मा | ७२ | १०० |

स्रोत : कार्यक्षेत्र अध्ययन, २०७४

यस अध्ययनबाट ३१.९४ अभिभावकहरूले छात्रालाई भाषा विषय सिकाउन सक्ने र ६८.०६ अभिभावकले सिकाउन नसक्ने पाइयो । नेपाली विषयमा कथा, कविता, उपन्यासले रोचक हुने हुँदा यस विषयलाई बढी छात्राहरूले मन पराएको पाइयो ।

## ५.७ छात्राहरूमा सूचना प्रविधिको ज्ञान

अहिलेको २१ औँ शताब्दीमा सूचना प्रविधिको जानकारी हुनु अति आवश्यक रहेको छ । मोबाइल, टेलिभिजन, इमेल, इन्टरनेट आदिको जानकारी हुनु अति आवश्यक रहेको छ । निजी विद्यालयमा कम्प्युटरको पढाइ ४ कक्षादेखि हुँदै आएको छ तर सामुदायिक विद्यालयहरूमा नेपाल सरकारले कक्षा ६ र ७ को पाठ्यक्रममा यसलाई समावेश गरिएको छ । तर प्रयोगात्मक रूपमा प्रयोगमा आएको छैन । इमेल र इन्टरनेटको बारेमा छात्राहरूको धारणा फरक फरक पाइयो ।

**तालिका ५.८**

**छात्राहरूमा इमेल इन्टरनेटको ज्ञान**

| विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| ज्ञान भएको | ३६ | ५० |
| ज्ञान नभएको | ३६ | ५० |
| जम्मा | ७२ | १०० |

स्रोत : कार्यक्षेत्र अध्ययन, २०७४

इमेल र इन्टरनेटका बारेमा सोधेका प्रश्नहरूमा लगभग आधा छात्रालाई यस विषयमा ज्ञान भएको र आधा छात्रालाई ज्ञान नभएको पाइयो ।

**तालिका ५.९**

**छात्राहरूको जातीय विवरण**

| **जातजाति** | **विद्यार्थी सङ्ख्या** | **प्रतिशत** |
|---|---|---|
| ब्राह्मण | ३३ | ४५.८३ |
| क्षेत्री | ८ | ११.११ |
| ठकुरी | ५ | ७.९४ |
| सार्की | ९ | १२.५ |
| कामी | ७ | ९.७२ |
| दमाई | ८ | ११.११ |
| नेवार | २ | २.७८ |
| जम्मा | ७२ | १०० |

स्रोत : कार्यक्षेत्र अध्ययन, २०७४

यस अध्ययन क्षेत्रमा रहेका विभिन्न जातजातिहरुमध्ये सबैभन्दा धेरै ब्राह्मण ४५.८३ प्रतिशत र सबैभन्दा थोरै नेवार २.७८ प्रतिशत रहेको पाइयो । त्यसैगरी क्षेत्री ११.११ प्रतिशत, ठकुरी ६.९४ प्रतिशत, सार्की १२.५ प्रतिशत, कामी ९.७२ प्रतिशत रहेको पाइयो ।

## अध्याय छ

# छात्राहरूको शिक्षामा प्रभाव पार्ने तत्त्वहरू

यस अध्ययन क्षेत्रका छात्राहरूमा सामाजिक, सांस्कृतिक, आर्थिक तत्त्व तथा भौगोलिक बनोटले शिक्षामा प्रभाव पारिरहेको पाइन्छ । कृषि, पेशा, सामाजिक, सांस्कृतिक, आर्थिक कार्यक्रम, पर्व, मेला, साथीको संगत तथा शारीरिक समस्या आदि कारणले छात्राको शिक्षामा प्रभाव परेको देखिन्छ । आर्थिक रूपमा कमजोर उदासीनता, चिन्ता आदिले पनि शिक्षामा प्रभाव पारेको देखिन्छ । छात्राहरूको शैक्षिक स्तरमा प्रभाव पार्ने तत्त्वहरू निम्नानुसार रहेका छन् ।

## ६.१ भौगोलिक प्रभाव

यस अध्ययन क्षेत्रको भूभाग केही भिरालो र केही समथर जमिनले बनेको छ । कक्षा ८ सम्म पढ्नका लागि केही नजिक निम्न माध्यमिक विद्यालय रहेको कारणले केही सहज देखिन्छ । कक्षा ९ र १० मा अध्ययन गर्ने छात्राहरूले उकाली ओराली लामो दुरी हिँडेर विद्यालय आउनुपर्ने देखिन्छ । लामो दुरीबाट विद्यालय आउँदा हतार हुने, थकाइ लाग्ने, अल्छी लाग्ने, निद्रा लाग्ने गर्दा पढाइमा असर परेको छ । दुरीका हिसाबले विद्यालय आउँदा लाग्ने समयलाई तालिकामा दिइएको छ ।

**तालिका ६.१**

**छात्राहरूलाई विद्यालयसम्म आउँदा लाग्ने समय तालिका**

| समय | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| २५ मिनेटसम्म | ३५ | ४८.६३ |
| ३० मिनेटसम्म | १९ | २६.३८ |
| ३५ मिनेटसम्म | १० | १३.८८ |
| ४० मिनेटसम्म | ८ | ११.११ |
| जम्मा | ७२ | १०० |

स्रोत : कार्यक्षेत्र अध्ययन, २०७४

यस अध्ययनअनुसार घरबाट विद्यालयसम्म आइपुग्न २५ मिनेटसम्म लाग्ने विद्यार्थी ३५ जना, ४० मिनेटसम्म लाग्ने विद्यार्थी ८ जना रहेका छन् जुन टारा, सस्रधारा, बगैँचादेखि आउने गर्दछन् ।

## ६.२ छात्राहरूको विद्यालय उपस्थितिमा सांस्कृतिक प्रभाव

नेपाल बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक र बहुधार्मिक राष्ट्र हो । नेपाल धेरै जातजाति तथा जनजाति मिली बनेको सबै जातजातिहरूको साझा फूलबारी हो । नेपालमा रहेका धेरै जनजातिको आफ्नै भाषा, संस्कृति, रीतिरिवाज, भेषभूषा पाइन्छ । शिक्षा हासिल गर्नका लागि विद्यालयमा निरन्तर उपस्थित हुन जरुरी रहेको छ । छात्राहरू नियमित रूपमा विद्यालयमा उपस्थित हुन नसक्ने कारणमा मेला, पर्व, विवाह, मृत्यु संस्कार, स्थानीय क्लबहरूको सांस्कृतिक कार्यक्रम, महिला समूहको सांस्कृतिक कार्यक्रम, पूजापाठ महिनावारी तथा अन्य शारीरिक समस्याहरु आदि रहेका छन् । अन्य जातजातिमा भन्दा ब्राह्मण जातिमा यसको प्रभाव बढी नै परेको पाइन्छ। सांस्कृतिक कार्यकाक्रम वा विभिन्न कारणले विद्यालयमा उपस्थित नहुने छात्राहरूको विवरण यसप्रकार छन् :

**तालिका ६.२**

**विद्यालयमा अनियमित हुनका कारण तथा सङ्ख्या**

| पर्व | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| मेला, बजार, घरायसी कामहरु, विवाह | ६६ | ९१.६७ |
| विवाह, मृत्यु संस्कार, व्रतबन्ध, न्वारन | ७१ | ९८.६१ |
| सांस्कृतिक कार्यक्रम, विवाह, महिनावारी समस्या | ५८ | ८०.५६ |
| महिनावारी समस्या, अन्य शारीरिक समस्याहरु | ७२ | १०० |
| अन्य शारीरिक समस्याहरु (टाउको, पेट दुख्नु, जव्रो आउनु, रुघाखोकी लाग्नु), घरायसी कामहरु | ६९ | ९५.८३ |

स्रोत : कार्यक्षेत्र अध्ययन, २०७४

यसरी विवाह, मृत्यु संस्कार व्रतबन्ध र न्वारका कारण विद्यालयमा उपस्थित नहुने ९८.६१ प्रतिशत विद्यार्थी, सांस्कृतिक कार्यक्रम विवाह तथा महिनावारी समस्याका कारण ७.५६ प्रतिशत र मेला, विवाह, घरायसी काम तथा बजारका कारण ९१.६७ प्रतिशत महिनावारी समस्या तथा अन्य शारीरिक समस्याका कारण सबैभन्दा धेरै १०० प्रतिशत र अन्य शारीरिक समस्या तथा घरायसी कामका कारण ९५.८३ प्रतिशत विद्यार्थीहरू विद्यालयमा उपस्थित हुन नसकेको पाइयो । त्यसैले सामाजिक तथा सांस्कृतिक प्रभावका कारण छात्रा शिक्षामा नकरात्मक प्रभाव परेको छ ।

## ६.३ सामाजिक प्रभाव

सामाजिक तथा सांस्कृतिक मूल्य मान्यताका कारण छात्रा शिक्षामा प्रभाव परेको पाइन्छ । छात्राहरू कृषि कार्यमा, घरधन्दा, भान्छामा बढी केन्द्रित हुनुपर्ने देखिन्छ । छोरीलाई अरूको घरमा जाने वा अरूको नासो यिनीहरूलाई धेरै पढाएर काम छैन भन्ने सोचाइका कारण पनि छात्रा शिक्षामा प्रभाव परेको देखिन्छ । सामाजिक रूपमा अझै पनि महिलालाई दबाइएको तथा शोषण गरेको पाइन्छ । सरकारी नियममा केटा २५ र केटी २० वर्षको हुनुपर्ने कानुनी मान्यता भए तापनि १८ वर्षको उमेरमा अभिभावकको स्वीकृतिमा विवाह गरेको पाइन्छ । १० कक्षा पढ्दा पढ्दै वा १० कक्षा पास गरेपछि प्रायजसो छात्राहरूको विवाह भइसकेको पाइन्छ । अझै पनि गाउँघरमा राम्रो गतिलो घरको केटा माग्न आएमा छोरी सजिलै दिने प्रचलन छ । सरकारी जागिर वा वैदेशिक रोजगारीमा गएको केटाले छोरीलाई राम्रोसँग पाल्न सक्छ भन्ने मानसिकताले छोरीको विवाह सानै उमेरमा गरेको पाइन्छ । पितृ सत्तात्मक नेपाली समाजमा अझै पनि लैङ्गिक विभेद रहेको पाउन सकिन्छ । छोरालाई काखा छोरीलाई पाखा गर्ने परम्परा अझै पनि हाम्रो नेपाली समाजमा विद्यमान छ । छोरालाई बुढेस कालको साहाराको रूपमा लिनु, धन सम्पत्ति कमाउने व्यक्तित्वका रूपमा लिनु जस्ता र छोरीलाई पराइ घर जाने, अर्काको नासो, यसले पढेर हामीलाई के हुन्छ र भन्ने सोचाइले गर्दा अझै पनि महिला र पुरुष बीच लैङ्गिक भेदभाव हटेको छैन ।

**तालिका ६.३**

**छात्राको अभिभावकको वैवाहिक उमेर विवरण**

| उमेर | बाबु | | आमा | |
|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १८ वर्षभन्दा कम | ५ | ६.९४ | ५ | ६.९४ |
| २१ वर्षभन्दा कम | १० | १३.८९ | ३५ | ४८.६१ |
| २४ वर्षभन्दा कम | ३१ | ४३.०६ | २० | २७.७८ |
| २७ वर्षभन्दा कम | २२ | ३०.५६ | १० | १३.८९ |
| ३० वर्षभन्दा माथि | ४ | ५.५६ | - | - |
| जम्मा | ७२ | १०० | | |

स्रोत : कार्यक्षेत्र अध्ययन, २०७४

## ६.४ आर्थिक प्रभाव

यस अध्ययन क्षेत्रका अधिकांश घर परिवार कृषि पेशामा आबद्ध भएको कारणले यिनीहरुको आर्थिक स्तर न्यून रहेको पाइयो । विद्यार्थीहरूको गुणस्तरीय शिक्षामा आर्थिक पक्षले पनि महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । यदि विद्यार्थीले आफूलाई आवश्यक पर्ने कलम, कापी, झोला, विद्यालय पोशाक, परीक्षा शुल्क, दैनिक खाजा नियमित पाउँदा शिक्षाको गुणस्तर राम्रो हुन सक्छ तर यी कुराहरुको अभावले उनीहरुको पढाइप्रति नैरास्यता आउन सक्छ ।

विद्यार्थीका परिवार आर्थिक रूपले न्यून भएका कारणले यी विद्यार्थीहरूले राम्रो शिक्षा लिन सकेका छैनन् । कलम, झोला, कापी, विद्यालय शोक, परीक्षा शुल्क, समयमा नै नपाउनाले उनीहरुको पढाइप्रति रुचि घटेको छ । त्यसकारण शिक्षामा आर्थिक पक्षले पनि प्रभाव पारेको हुन्छ ।

छात्रा शिक्षामा अन्य पक्षको प्रभावजस्तै आर्थिक पक्षको प्रभाव पनि उत्तिकै रहन्छ । विद्यार्थीलाई आवश्यक पर्ने कापी, कलम, झोला, विद्यालय पोशाक, परीक्षा शुल्क, दैनिक खाजा खर्चको आवश्यकता परेको हुन्छ। दैनिक रूपमा गर्ने खाजा खर्चलाई तलको तालिकामा दिइएको छ ।

**तालिका ६.४**

**छात्राहरूको दैनिक खर्च विवरण**

| दैनिक खर्च | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| रू. १५ सम्म | ४० | ५५.५६ |
| रू. २० सम्म | २० | २७.७८ |
| रू. २५ सम्म | ८ | ११.११ |
| रू. ३० सम्म | ४ | ५.५६ |
| जम्मा | ७२ | १०० |

स्रोत : कार्यक्षेत्र अध्ययन, २०७४

दैनिक रूपमा रू. १५ खर्च गर्ने ५५.५६ प्रतिशत सबैभन्दा बढी विद्यार्थी र ५.५६ प्रतिशतले ३० भन्दा बढी खर्च गरेको पाइयो ।

### ६.४.१ छात्राहरूको खर्च पाउने आधार

हाम्रो नेपाली समाज विशेष गरी ब्राह्मण, क्षेत्री समुदायमा पुरुष धन कमाउन विदेश जाने वा जागिरको सिलसिलामा बाहिर जाने महिलाले घर व्यवहार चलाउने, बालबच्चाको पालन पोषण, शिक्षा दिक्षा गर्ने कार्यमा अहम् भूमिका खेलेका हुन्छन् । महिलाले घर परिवार मा रहेर बालबालिकाको रुचि, इच्छा, आवश्यकता परिपूर्ति गर्ने जिम्मेवारी लिएका हुन्छन् । त्यस कारण बालबालिकाले खर्च पाउने मुख्य आधार आमा हुन्छिन् । घर व्यवहार आमाले चलाउने हुँदा छोरछोरीको कापी, कलम, खाजा खर्च, परीक्षा शुल्क, विद्यालय पोशाक, झोला जस्ता बालबालिकाको खर्च सबै आमाले नै व्यवस्थित गर्दछिन् । छात्राहरुलाई आफ्ना अभिभावकहरु यस प्रकारको खर्च दिने गरेको पाइन्छ ।

छात्राहरूको लागि दैनिक खर्च अभिभावकहरूले व्यवस्थापन गरिदिनुपर्ने देखिन्छ । बुबाको आम्दानीबाट वा परिवारको जुनसुकै सदस्यबाट आएको आम्दानी भए पनि धेरैजसो परिवारमा महिलाले नै राख्ने र महिलाबाट घरव्यवहार चलाउने गरेको पाइन्छ । त्यसको आधारमा पनि शैक्षिक खर्च छात्राहरूलाई आमाले दिने गरेको पाइन्छ । छात्राहरूलाई दैनिक रूपमा विभिन्न शीर्षकमा खर्च आवश्यक परेको हुन्छ । छात्राहरूलाई आफ्ना अभिभावकहरूले यसप्रकारको खर्च दिने गरेको पाइन्छ ।

**तालिका ६.५**

**छात्राहरूको खर्च पाउने आधार**

| **खर्च दिने व्यक्ति** | **सङ्ख्या** | **प्रतिशत** |
|---|---|---|
| बुबा | १० | १३.८९ |
| आमा | ५५ | ७६.३९ |
| दाइदिदी | ७ | ९.७२ |
| जम्मा | ७२ | १०० |

स्रोत : कार्यक्षेत्र अध्ययन, २०७४

अध्ययन गरिएका छात्राहरूमध्ये ७६.३९ प्रतिशत छात्राहरूलाई दैनिक खर्च आमाले दिने गरेको पाइन्छ। १३.८९ प्रतिशत बुबाले र ९.७२ प्रतिशत दाई वा दिदीले दिने गरेको पाइन्छ। घरव्यवहार सबै आमाले गर्ने भएको र कमाइका लागि बुबा अन्य स्थानमा जानुपर्ने भएकोले गर्दा आमाले नै दैनिक खर्च बढी प्रतिशत भएको पाइन्छ।

# अध्याय सात

# छात्राहरूको समस्या

यस अध्याय अन्तर्गत छात्राहरुका समस्याअन्तर्गत रहेका शैक्षिक समस्या, सामाजिक समस्या, मनोवैज्ञानिक समस्या, आर्थिक समस्या, लैङ्गिक समस्या, स्वास्थ्य सेवाको समस्या तथा छात्राहरुको समस्याका बारेमा व्याख्या तथा विश्लेषण गरिएको छ ।

**तालिका ७.१**

**छात्राहरुको समस्याको विवरण**

| क्र.सं. | छात्राहरुको समस्या | विद्यार्थी सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १. | सामाजिक समस्या | १९ | २७.३८ |
| २. | मनोवैज्ञानिक समस्या | ६ | ८.३३ |
| ३. | आर्थिक समस्या | २२ | ३०.५६ |
| ४. | सांस्कृतिक समस्या | ४ | ५.५७ |
| ५. | लैङ्गिक समस्या | १० | १३.८९ |
| ६. | स्वास्थ्य सेवाको समस्या | ६ | ८.३३ |
| ७. | छात्राबासको समस्या | ५ | ६.९४ |
| | जम्मा | ७२ | १०० |

स्रोत : कार्यक्षेत्र अध्ययन, २०७४

## ७.१ शैक्षिक समस्या

यस अध्ययन क्षेत्रका छात्राहरू पढाइभन्दा अन्य मनोरञ्जनप्रति आकर्षण भएको पाइन्छ । विवाह, मृत्यु संस्कार, चाडपर्व तथा विभिन्न सांस्कृतिक कार्यक्रममा संलग्न हुने गरेको पाइन्छ । विद्यालयमा सञ्चालन हुने अतिरिक्त क्रियाकलापमा भाग नलिने पुस्तकालयमा खाली पिरियडमा अध्ययन नगर्ने पाइयो । अनियमित उपस्थिति, घरको काम,

भाइबहिनी हेर्नुपर्ने, पढाइमा रुचि जगाउने वातावरण र पद्धतिको अभावले गर्दा पनि शैक्षिक समस्या देखियो ।

## ७.२ सामाजिक समस्या

शिक्षा सामाजिक विकासको सूचक हो । व्यक्तिलाई सामाजिक रूपमा सहयोग गर्नु शिक्षाको उद्देश्य हो । शिक्षा प्राप्त गर्न पाउनु सबै बालबालिकाहरूको नैसर्गिक अधिकार हो । नेपाल सरकारले सरकारी विद्यालयमा कक्षा १ देखि कक्षा १० सम्म निःशुल्क शिक्षा र निःशुल्क पाठ्यपुस्तक उपलब्ध गराएको छ । यसका साथै दलित तथा जनजातिका छात्राहरूलाई छात्रवृत्ति उपलब्ध गराएको छ । सामाजिक रूपमा छात्रभन्दा छात्राहरू पढाइमा भन्दा घरधन्दा, कृषिकार्य, भान्सामा बढी केन्द्रित भएको पाइन्छ । समाजमा महिला र पुरुषमा हुने विभेद, छोरीको लागि गरिएको लगानीको प्रतिफलको आशा नगरिनु, छोरीलाई अरूको घरमा पठाउने नासोको रूपमा लिइनु जस्ता समस्याका कारण छात्राहरूको शैक्षिक स्तरमा विकास हुन सकेको पाइँदैन । छोरालाई काखा र छोरीलाई पाखा गर्ने प्रवृत्तिले पनि छात्राहरुमा सामाजिक समस्या रहन गएको हो । यस अध्ययन क्षेत्रका २७.३८ प्रतिशत विद्यार्थीमा सामाजिक समस्या रहेको छ ।

## ७.३ मनोवैज्ञानिक समस्या

यस अध्ययन क्षेत्रका प्राय अभिभावकहरूको आशा आफ्ना छोराछोरीले घरको काममा केही सहयोग गरुन् भन्ने चाहन्छन् । नेपाल कृषि प्रधान देश हो । यस क्षेत्रका अधिकांश अभिावकहरू पनि कृषि पेशामा संलगन हुने हुँदा यहाँका छात्राहरू धान रोप्ने, मकै लगाउने, धान काट्ने बेलामा विद्यालयमा कम मात्रामा उपस्थित भएको पाइयो । त्यस्तै १५-१६ वर्षको उमेरमा छात्राहरूको ध्यान पढाइमा भन्दा अन्यत्र ध्यान जाने गरेको पाइन्छ । भर्खरै किशोर अवस्थामा प्रवेश गरेका किशोरीहरूको ध्यान अन्यत्र जानु पनि स्वाभाविकै हो । आफ्नो यस्तो समयमा उनीहरू लाहुरेले आफूलाई विवाह गरिदिए हुने थियो भन्ने मनोभाव राखेको पाइन्छ । जति पढे पनि अर्काको घरमा जानुपर्ने, चुलोचौकाको काम गर्नुपर्ने सोचाइले पनि उनीहरूले उच्च तहको पढाइमा ह्रास आएको देखिन्छ । एउटा गतिलो कुलघरानको केटा माग्न आए यत्तिको केटाले पाल्न सक्छ भन्ने मनस्थितिले गर्दा पनि

उनीहरूको पढाइमा ध्यान नगएको पाइन्छ। त्यसकारणले ८.३३ प्रतिशत विद्यार्थीहरूमा मनोवैज्ञानिक समस्या रहेको पाउन सकिन्छ।

## ७.४ आर्थिक समस्या

यस अध्ययन क्षेत्र ग्रामीण क्षेत्र भौगोलिक रूपबाट पनि मध्यम अन्य स्रोत तथा साधनको कारण यस क्षेत्रका अभिभावकको आर्थिक अवस्था कमजोर देखिन्छ। आर्थिक अवस्था कमजोर भएका कारण घरका पुरुष सहरी क्षेत्रतिर वा वैदेशिक रोजगारतिर जाने हुँदा घरव्यवहार महिलाले जेनतेन गरेर चलाएको पाइन्छ। छात्राहरूको परिवारको आर्थिक अवस्था कमजोर भएका कारणले विद्यालयमा सञ्चालन हुने अतिरिक्त कक्षामा सहभागी हुनबाट केही छात्राहरू वञ्चित रहेको पाइयो। कृषि पेशामा संलग्न भई त्यहाँ उत्पादित धान, कोदो, मकै, गहुँलाई बेचेर घरखर्च चलाएको पाइन्छ। त्यस्तै तरकारी खेती गरी जीविकोपार्जन गरेको पनि पाउन सकिन्छ। विद्यार्थीका अभिभावक कृषी पेशामा आबद्ध भएको र आर्थिक स्तर न्यून भएको कारणले ३०.५६ प्रतिशत विद्यार्थीमा आर्थिक समस्या रहेको छ।

## ७.५ सांस्कृतिक समस्या

मानिस जस्तो समाजमा जन्मन्छ सोही समाजको संस्कृति, रहनसहन, भाषाको अवलम्बन गर्ने गर्दछ। संस्कृतिले मानिसका हरेक क्रियाकलाप र व्यवहारमा प्रभाव पारिरहेको हुन्छ। जबसम्म परम्परावादी, अन्धविश्वास र रुढीवादी सोच हट्दैन तबसम्म छात्राहरूको शैक्षिक स्तर माथि उठ्न सक्दैन। यस अध्ययन क्षेत्रका ५.५६ प्रतिशत विद्यार्थीहरूमा सांस्कृतिक समस्या रहेको पाइयो।

## ७.६ लैङ्गिक समस्या

लैङ्गिक विभेद नेपाली समाजमा गर्भदेखि सुरु भएको पाइन्छ। छोरी भए फाल्ने, छोरा भए राख्ने क्रम नेपाली समाजमा अझै पनि व्यापक छ। महिलाको लागि विज्ञानको वरदान अभिशाप भएको पाइन्छ। नेपालको कुल जनसङ्ख्याको करिब ५१ प्रतिशत महिला रहेका छन्। नेपाली समाजमा महिलाहरू सामाजिक रूपमा विभेद र असमानताको जाँतोमा पिल्सिएको पाइन्छ। अभिभावकको आर्थिक अवस्था कमजोर र शिक्षाप्रति अज्ञानताका कारण

यस गाउँका छात्राहरूमा लैङ्गिक विभेद रहेको पाइन्छ। घरायसी काममा छोरालाई भन्दा छोरीलाई लगाउने, घरमा काम पर्दा छोरालाई विद्यालयमा पठाउने र छोरीलाई घरायसी काममा राख्ने गरेको पाइन्छ। यस अध्ययन क्षेत्रका १३.८९ प्रतिशत विद्यार्थीहरूमा लैङ्गिक समस्या रहेको पाइयो।

## ७.७ विद्यालयमा स्वास्थ्य सेवाको समस्या

विद्यार्थीलाई उपलब्ध गराइने भौतिक सुविधाहरूमध्ये स्वास्थ्य सेवा एक संवेदनशील पक्ष हो। विद्यार्थीहरूको स्वास्थ्यप्रति चासो राख्ने काम विद्यालय प्रशासकको महत्त्वपूर्ण जिम्मेवारी हो। हरेक विद्यार्थीलाई विद्यालयमा प्रवेश गराउन साथ स्वास्थ्य परीक्षणको व्यवस्था गर्नुपर्छ। उनीहरूको स्वास्थ्यको रेकर्ड राख्नुपर्ने हुन्छ। समय समयमा स्वास्थ्य परीक्षण गराई साधारण किसिमको समस्या स्थानीय स्वास्थ्य केन्द्रबाट उपचार गराउनुपर्छ। जटिल समस्या भए अभिभावकलाई जानकारी दिई विद्यालयले दिन सक्ने सहयोग उपलब्ध गराई उपचार हुने स्थानमा पुऱ्याउनुपर्छ। छात्राहरूमा धेरै समस्या हुने हुँदा महिनावारी भएको बेला विद्यालयमा प्याडको व्यवस्था हुनुपर्छ। छात्राहरूका लागि छुट्टै शौचालयको व्यवस्था हुनुपर्ने देखिन्छ। यस अध्ययन क्षेत्रका कुनै पनि विद्यालयमा उचित स्वास्थ्य सेवाहरू उपलब्ध नभएको पाइयो। उचित स्वास्थ्य सेवाको सुविधा नहुँदा ८.३३ प्रतिशत विद्यार्थीमा स्वास्थ्य सेवाको समस्या देखियो।

## ७.८ छात्रावासको समस्या

परिवारमा स्वास्थ्य, शैक्षिक वातावरण कायम नभएकोले, विद्यालय र घरको दुरी टाढा भएकोले, स्तरीय शिक्षा दिनका लागि विद्यालयमा छात्रावासको व्यवस्था हुनुपर्छ। छात्र र छात्राका लागि आवश्यक भौतिक साधनका अतिरिक्त पठनपाठन, खेलकुद, मनोरञ्जनका साधनहरू उपलब्ध गर्नुपर्ने देखिन्छ। विशेषगरी कक्षा ९ र १० मा अध्ययनरत छात्राहरू टाढा टाढाबाट विद्यालयमा आउनुपर्ने भएका कारणले छात्रावासको आवश्यकता देखिन्छ। यस अध्ययन क्षेत्रमा छात्रावासको व्यवस्था नभएका कारणले छात्राहरूमा शैक्षिक समस्या देखिएको छ। यस अध्ययन क्षेत्रका ६.९४ प्रतिशत विद्यार्थीहरूमा छात्रावासको समस्या रहेको पाइन्छ।

# अध्याय आठ
# सारांश, निष्कर्ष र सुझाव

## ८.१ सारांश

यस अध्ययन ग्रामीण क्षेत्रमा बसोबास गर्ने छात्राहरूको शिक्षामा सामाजिक तथा आर्थिक अवस्थाले पारेको प्रभाव भन्ने विषयमा गरिएको मानवशास्त्रीय अध्ययन हो । यो अध्ययन पर्वत जिल्ला कुश्मा नगरपालिका पाङ-१ पर्वत श्री पाङ धैरेनी मा.वि. का कक्षा ८ देखि १० सम्म अध्ययनरत छात्राहरूमा केन्द्रित रहेर गरिएको अध्ययन हो ।

छात्राहरूका पारिवारिक, शैक्षिक, आर्थिक तथा सामाजिक समस्या पहिचान गरी आवश्यक सुझावको खोजी गर्ने उद्देश्यमा रही अध्ययन गरिएको छ। उक्त उद्देश्य प्राप्त गर्नका लागि कुश्मा नगरपालिका पाङ-१ पर्वतमा अध्ययनरत छात्रा र तिनका अभिभावकहरूसँग भेटघाट गरी अन्तर्वार्ता, अनुसूची विधिको प्रयोग गरी प्राथमिक तथ्याङ्क सङ्कलन गरिएको छ । यस शोधपत्र मानवशास्त्रीय पद्धति अनुसार तयार पारिएको छ । यस अध्ययनलाई व्यवस्थित बनाउनका लागि तालिकीकरण, स्तम्भ चित्र, वृत्तचित्र तथा तथ्याङ्कको प्रस्तुतीकरण गरी वर्णनात्मक शैलीमा विश्लेषण गरिएको छ ।

नेपाल एउटा बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक तथा बहुधार्मिक भएको विकासोन्मुख राष्ट्र हो । यस राष्ट्रमा आर्थिक विकास तीव्र गतिमा हुन सकेको छैन । शैक्षिक विकासविना राष्ट्रिय विकास सम्भव छैन। सरकारी विद्यालयको विकास सङ्ख्यात्मक किसिमबाट भए तापनि शैक्षिक विकास सन्तोषजनक रूपमा हुन सकेको छैन । भौगोलिक स्थिति अभिभावकको शैक्षिक चेतनाको कमी, ग्रामीण क्षेत्रसम्म विकासको पहुँचको कमीका कारणले छात्राको शिक्षामा समस्याहरू देखा परेका छन् । आवश्यकता र समस्याहरूलाई तालिकीकरण र आवश्यकता अनुसार विश्लेषण गरिएको छ ।

**उपलब्धि**

पर्वत जिल्ला कुश्मा नगरपालिका पाङ-१ पर्वत श्री पाङ धैरेनी मा.वि. मा अध्ययनरत छात्राहरूको आर्थिक, शैक्षिक तथा सामाजिक समस्यामा आधारित मानवशास्त्रीय अध्ययनले सामाजिक, आर्थिक, सांस्कृतिक, भौगोलिक पक्षहरूको अध्ययन गर्दा छात्राहरूको शैक्षिक स्तर र शैक्षिक स्तरमा विभिन्न तत्त्वहरूको मापन गरिरहेको छ ।

यस अध्ययनमा परेका छात्राहरू तथा अभिभावकको शैक्षिक, सांस्कृतिक, सामाजिक, आर्थिक स्थितिहरूको विश्लेषण गर्दा अध्ययनका उपलब्धिहरू निम्नानुसार रहेका छन् ।

- अध्ययन क्षेत्रको भौगोलिक बनावट पहाडी, सदरमुकामदेखि पश्चिम ग्रामीण क्षेत्र विकासका पूर्वाधार, खानेपानीको समस्या भएको पाइयो ।
- संयुक्त परिवारको सङ्ख्याभन्दा एकल परिवारको सङ्ख्या बढी भएको जसमा संयुक्त परिवार ४४.४४ प्रतिशत र एकल परिवार ५५.५६ प्रतिशत भएको पाइयो ।
- छात्राहरूका अभिभावक कृषि पेशामा ६८.०६ र वैदेशिक रोजगारमा १६.६६ प्रतिशत आबद्ध रहेको पाइयो । त्यस्तै नोकरी गर्ने ६.९४ प्रतिशत, व्यापार गर्ने ४.१७ प्रतिशत रहेको पाइयो ।
- अध्ययन क्षेत्रका ३४.७२ प्रतिशत अभिभावकले आफ्नो कृषि उत्पादनले नपुगेर बजारबाट चामल किनेर खाने गरेको र ४१.६७ प्रतिशत अभिभावकले एक वर्षभन्दा बढीलाई कृषि उत्पादन गरी बढी भएको र बाँकी अन्न बेच्ने गरेको पनि पाइयो ।
- कृषि उत्पादनबाहेक अन्य क्षेत्र व्यापार, रोजगारी, वैदेशिक रोजगारबाट वार्षिक रु. १,००,००० भन्दा बढी कमाउने १६.६७ प्रतिशत र रु. ५०,००० सम्म कमाउने ३४.७२ रहेछन् ।
- प्रत्येक छात्राहरूको घरमा विद्युत जडान गरिएको र प्रत्येक अभिभावकसँग मोबाइल सेट र ९०.२७प्रतिशत अभिभावकको घरमा टि.भि. जोडिएको पाइयो ।
- ५० प्रतिशत छात्राहरूलाई इमेल इन्टरनेटको बारेमा जानकारी भएको र ५० प्रतिशतलाई जानकारी नभएको पाइयो ।
- ८४.७२ प्रतिशतले हिन्दु धर्म र १५.२७ प्रतिशतले क्रिश्चियन धर्म मान्ने गरेको पाइयो । दुई धर्मको बाहुल्यता रहेको पाइयो । अरू धर्म नमान्ने पाइयो ।

- अघिल्लो कक्षाबाट उत्तीर्ण हुँदा २६.३९ प्रतिशत प्रथम, ३८.८९ प्रतिशत द्वितीय र ३४.७२ प्रतिशत तृतीय श्रेणीमा उत्तीर्ण भएको पाइयो ।
- धेरै विद्यार्थीले नेपाली, जनसङ्ख्या र विज्ञान मन पराउने गरेको पाइयो । अङ्ग्रेजी, गणित विषय मन पराउने विद्यार्थी कम पाइयो । नेपाली विषय मन पराउने २७.७८ प्रतिशत, गणित मन पराउने ५.५३ प्रतिशत रहेको पाइयो । अङ्ग्रेजी मन पराउने ८.३३ प्रतिशत रहेको पाइयो । विज्ञान मन पराउने २०.८३ प्रतिशत, सामाजिक मन पराउने १६.६७ प्रतिशत र जनसङ्ख्या मन पराउने २०.८३ प्रतिशत पाइयो ।
- छात्राहरूको घरमा अङ्ग्रेजी, गणित, विज्ञान बाहेक अन्य विषय सिकाउन सक्ने हैसियत भएका १३.८८ प्रतिशत मात्र अभिभावक पाइयो ।
- छात्रा २५ मिनेटसम्ममा ३५ जना अर्थात् ४८.६३ प्रतिशत र ४० मिनेटसम्ममा ८ जना अर्थात् ११.११ प्रतिशत विद्यार्थी विद्यालयमा पुग्ने गरेको पाइयो ।
- चाडपर्व, मेला तथा सांस्कृतिक कार्यक्रमहरूमा छात्राहरूको उपस्थिति धेरै पाइयो । चाडपर्वमा १३.८९ प्रतिशत छात्राहरू उपस्थित भएको पाइयो र सांस्कृतिक कार्यक्रममा १६.६७ प्रतिशत उपस्थित भएको पाइयो भने मेला तथा बजारमा ६.९४ प्रतिशत विद्यार्थी सहभागी भएको पाइयो ।
- छात्राहरूले दैनिक खाजाको रूपमा रू. १५ सम्म खर्च गर्ने ५५.५६ प्रतिशत र ३० भन्दा बढी खर्च गर्ने ४ जना अर्थात् ५.५६ प्रतिशत पाइयो ।
- अधिकांश छात्राहरूलाई खाजा खर्च आमाले दिने गरेको पाइयो ।
- ८५ प्रतिशत छात्राहरूका अभिभावकले लैङ्गिक विभेद गरेको पाइयो ।
- विद्यालयमा सञ्चालन हुने शुक्रबारे कार्यक्रम हाजिरीजवाफ, वक्तृत्वकला, वादविवाद जस्ता कार्यक्रममा छात्राहरूको सहभागिता न्यून भएको पाइयो ।
- छात्राहरूका अभिभावकले लैङ्गिक विभेद गर्ने गरेको पाइयो ।
- बालमैत्री विद्यालय स्वास्थ्य सेवाबारे जानकारी नभएको पाइयो ।
- टाढाबाट आउने छात्राका लागि छात्रावासको व्यवस्था नभएको पाइयो ।
- विद्यालयहरूमा शौचालय भएको तर पानीको समस्या भएको पाइयो ।
- छात्राहरूको रोजाइ सरकारी जागिरे केटा पाइयो ।

- ७० प्रतिशत छात्राहरूको रोजाइ सरकारी जागिर खाएको केटा पाइयो ।

## ८.२ निष्कर्ष

शिक्षाले सामाजिक स्तरीकरणमा प्रभाव पार्दछ । समाजमा इज्जत प्राप्त गर्न वा सामाजिक गतिशीलता उकास्न वर्गीय उचाइले सहयोग नगरेर शैक्षिक तत्त्वले सहयोग गरेको हुन्छ । विद्यालय शैक्षिक स्तरमा विभिन्न पक्षहरूको प्रभाव पर्ने देखिन्छ । यस अध्ययन क्षेत्रका छात्राहरूको शैक्षिक स्थितिमा सामाजिक, सांस्कृतिक तथा आर्थिक अवस्थाले प्रभाव पारेको छ । पारिवारिक संरचनाअनुसार संयुक्त परिवारबाट एकल परिवारप्रति आकर्षित भएको पाइन्छ । यस क्षेत्रका मानिसहरू कृषि पेसामा संलग्न, मध्यम आर्थिक स्तरका कारण छात्राहरूको शैक्षिक स्तरमा प्रभाव पारेको पाइन्छ । उत्पादित अन्नले धेरै परिवारलाई वर्ष दिनभरि खान नपुग्ने अवस्था रहेको पाइन्छ । वार्षिक नगद आम्दानी कृषिबाट कठिन हुने र नगद आम्दानीको लागि नोकरी, व्यापार तथा अन्य पेसामा जानुपर्ने बाध्यता रहेको छ ।

घरको वातावरण राम्रो हुनका लागि बाबुआमा शिक्षित हुन अति आवश्यक रहेको छ । आमाबाबु शिक्षित भए छोराछोरी पनि शिक्षित हुन्छन् । यस अध्ययन क्षेत्रमा परेका छात्राका आमाहरूको शैक्षिक स्तर कमजोर भएको कारणले छात्रा शिक्षामा प्रभाव परेको पाइन्छ । आमाबुबा कृषि पेसामा संलग्न हुने र भान्छाको काम छोरीहरूले गर्नुपर्ने भएकोले खाना पकाउँदा दाउराको प्रयोगले स्वास्थ्यमा असर पर्नुका साथै पढ्नुपर्ने समय खाना पकाउँदा पकाउँदै जाने हुँदा पनि छात्राहरूको शिक्षामा नकारात्मक प्रभाव पारेको पाइन्छ । आमाबाबा कृषि पेसामा संलग्न हुने र छात्राहरूले भाइबहिनी हेर्ने साथै घरको काम गर्ने हुँदा उनीहरूले घरमा पढ्ने समय कम पाउने गरेको पाइन्छ । प्रत्येक विद्यालयमा स्वास्थ्य सेवा हुन पनि अति आवश्यक देखिन्छ । प्रत्येक अभिभावकहरूले आफ्ना छोराछोरीले आफ्नो काममा सहयोग गरुन् भन्ने चाहना गर्दछन् । यस्तो मनोवैज्ञानिक पक्षले पनि छात्राको शैक्षिक स्तरमा प्रभाव पारेको हुन्छ ।

मानिस जुन समाजमा र संस्कृतिमा जन्मन्छ, त्यसले त्यसै अनुरूपको संस्कृति अवलम्बन गर्ने गर्दछ । ब्राह्मण, क्षेत्री समाजमा हुर्केका बच्चाहरूले त्यस्तै खालको संस्कृति अवलम्ब गरेका हुन्छन् । जबसम्म पुराना मूल्य, मान्यता, संस्कृति परिष्कृत हुँदैनन् तबसम्म छात्राहरूको शैक्षिक स्तर माथि आउन सक्दैन । विवाह, व्रतबन्ध, न्वारन, भोजभतेर, मेला

जस्ता पर्वहरूमा बढी मात्रामा छात्राहरू संलग्न रहेको पाइन्छ। यस अध्ययन क्षेत्रका छात्राहरूको विवाह २० वर्ष पूरा नहुँदै गरेको पाइयो। सरकारले छोराको उमेर २५ वर्ष र छोरीको उमेर २० वर्ष पुगेको हुनुपर्ने कानुनी व्यवस्था रहेको छ। ग्रामीण क्षेत्र त्यसै त पछाडि परेको छ महिलाहरूको अवस्था झनै पछाडि रहेकोले यी कुराहरू मनन गर्नुपर्ने आवश्यकता देखिन्छ।

## ८.३ सुझाव

यस अध्ययनबाट श्री पाङ धैरेनी मा.वि. मा अध्ययनरत छात्राहरूका विभिन्न किसिमका चुनौतीहरू देखा परेका छन्। छात्रारुले शैक्षिक, सामाजिक, सांस्कृतिक तथा आर्थिक समस्याहरू भोग्नु परेको यथार्थ यस अध्ययनबाट स्प्ष्ट भएको छ। यस अध्ययन क्षेत्रका छात्राहरूको पक्षमा निम्न सुझावहरू प्रस्तुत गरिएको छ :

- अभिभावकले र समाजले छात्राहरूको शैक्षिक स्तर वृद्धि गर्नका लागि छिटो विवाह गर्ने परम्परालाई निरुत्साहित गर्नुपर्छ।
- विद्यालयमा स्वास्थ्य सेवा कार्यक्रम लागु गरी छात्रा स्वास्थ्य सम्बन्धी समस्याको न्यूनीकरण गर्नुपर्छ।
- नेपाल सरकार शिक्षा मन्त्रालयले उपलब्ध गराउने छात्रवृत्तिहरू वास्तवमै गरिब तथा जेहेन्दारछात्राहरूलाई समेट्ने गरी प्रदान गर्नुपर्छ।
- छात्राहरूको शैक्षिक स्तर बढाउनका लागि प्रश्न तथा शिक्षकको संलग्नतामा अतिरिक्त कक्षा सञ्चालन गर्नुपर्छ।
- विद्यार्थीका लागि सूचना प्रविधि सम्बन्धी जानकारीका लागि विद्यालयमा इन्टरनेटको व्यवस्था हुनुपर्छ।

# सन्दर्भ सूची

आचार्य, बाबुराम (२०५४), **नेपालको सांस्कृतिक परम्परा,** काठमाडौँ : काष्ठमण्डप प्रिन्टिङ प्रेस ।

कोइराला, विद्यानाश (२०६८), **शिक्षामा वैकल्पिक चिन्तन,** काठमाडौँ : सामाजिक अनुसन्धन र सामग्री विकासका लागि प्राज्ञिक मञ्च ।

कास्की शैक्षिक दर्पण (२०६२।११।२६) ।

गुरुङ, ममिला (२०७१), **छात्राको शिक्षामा लैङ्गिकताले पारेको प्रभाव,** कोल्मा उच्च मा.वि. स्याङजाको एक समाजशास्त्रीय अध्ययन, अप्रकाशित शोधपत्र, समाजशास्त्र, मानवशास्त्र विभाग, पृथ्वीनारायण क्याम्पस, पोखरा ।

गोखापत्र राष्ट्रिय दैनिक (२०६३ फागुन २४), नारी दिवसको सन्दर्भ ।

गौतम, टीकाराम (२०५८), **सामाजिक अनुसन्धान पद्धति,** काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

चौलागाई, तिलकप्रसाद पोखरेल, बानीराम र सापकोटा केशवराज (२०६०), **लैङ्गिक अध्ययन,** काठमाडौँ : न्यु हिरा बुक्स इन्टरप्राइजेज ।

ढकाल, माधवप्रसाद (२०६८), **शैक्षिक प्रकाशन,** काठमाडौँ : रत्न पुस्तक भण्डार ।

पूडासैनी, पवित्रा, मुडवरी (२०७०), "कहिलेसम्म तड्पिरहने महिला", **गोर्खापत्र राष्ट्रिय दैनिक,** पृ. ७ ।

मिश्र, चैतन्य (२०७०), **बदलिँदो नेपाली समाज : एक अध्ययन,** काठमाडौँ : फाइन प्रिन्ट ।

मेची महाकाली (२०३१), काठमडौँ : नेपाल सरकार, सुचना विभाग ।

नेपालको अन्तरिम संधिवान (२०६३) ।

नेपालमा महिलाहरूको कानुनी स्थिति एक अध्ययन (२०५९), काठमाडौँ : कानुन अनुसन्धान तथा विकास केन्द्र ।

पराजुली, देवेन्द्र (२०७२), **शिक्षाको दर्शनशास्त्रीय एवम् समाजशास्त्रीय आधार,** काठमाडौँ : एस बुक्स पब्लिकेसन ।

बालमैत्री विद्यालय राष्ट्रिय प्रारूप (२०६७), काठमाडौँ : नेपाल सरकार शिक्षा मन्त्रालय ।

भण्डारी, देवराज (२०६५), **गुरुङ जातिका छात्राहरूको शैक्षिक तथा सामाजिक समस्या,** मिजुरेडाँडा गा.वि.स. कास्कीको एक समाजशास्त्रीय अध्ययन, **स**, अप्रकाशित शोधपत्र, समाजशास्त्र/मानवशास्त्र विभाग, पृथ्वीनारायण क्याम्पस, पोखरा ।

भर्ना तथा लब्धाङ्क अभिलेख, श्री पाङ धैरेनी मा.वि., २०७३।७४ पाङ, पर्वत ।

भर्ना तथा लब्धाङ्क अभिलेख श्री नुवार सुवेदी थर मा.वि. पाङ, पर्वत ।

भर्ना तथा लब्धाङ्क अभिलेख श्री हिमालय उच्च मा.वि. २०७३।०७४ पाङ, पर्वत

भासिन, कमला (सन् २०००), **अण्डरस्ट्याण्डिङ जेन्डर कलिफर विमिन,** न्यु दिल्ली ।

भिलेज प्रोफाइल कुश्मा नगरपालिका पाङ, पर्वत, २०७३।०७४

मिश्र, चैतन्य ( ? ), **बदँलिदो नेपाली समाज : एक अध्ययन,** काठमाडौँ : फाइन प्रिन्ट ।

राष्ट्रिय जनगणना (२०६८), काठमाडौँ : केन्द्रीय तथ्याङ्क विभाग

लैङ्गिक सचेतना प्याकेज (२०६५), काठमाडौँ : शिक्षा तथा खेलकुद मन्त्रालय ।

सारु, खेमबहादुर (२०६३), **छात्राहरूको शिक्षामा आर्थिक अवस्थाले पारेको प्रभाव, जनशान्ति मा.वि. खालिवन पाल्पामा आधाीरत मानवशास्त्री अध्ययन,** अप्रकाशित शोधपत्र, समाजशास्त्र/मानवशास्त्र विभाग, पृथ्वीनारायण क्याम्पस, पोखरा ।

सि.एम. शर्मा, एम ढकाल (२०७३), **शैक्षिक मनोविज्ञान,** काठमाडौँ : बृहस्पति पुस्तक प्रकाशन ।

शर्मा, चिरञ्जीवी र निर्मला (२०७०), **शिक्षाको परिचय,** काठमाडौँ : एम.के. पब्लिसर्स ।

शर्मा, गोपिनाथ (२०६९), **नेपालमा शिक्षाको इतिहास,** भाग २, काठमाडौँ : मकालु प्रकाशन गृह ।

शर्मा, जनकल्याण (२०४५), **हाम्रो समाज : एक अध्ययन,** काठमाडौँ : साझा प्रकाशन ।

शिक्षक मासिक (२०६८ पौष), ललितपुर : जगदम्बा प्रेस ।

शिक्षा ऐन (२०२८), काठमाडौँ : नेपाल सरकार शिक्षा मन्त्रालय ।

सामाजिक अध्ययन (२०७०), काठमाडौँ : शिक्षा मन्त्रालय, जनक शिक्षा सामग्री केन्द्र ।

सुवेदी, प्रकाश (२०६१), **छात्राहरूको आर्थिक तथा सामाजिक अवस्था एक समाजशास्त्रीय अध्ययन, बाल मन्दिर नि.मा.वि. फलेवास**, अप्रकाशित शोधपत्र, समाजशास्त्र/मानवशास्त्र विभाग, पृथ्वीनारायण क्याम्पस, पोखरा ।

## अनुसूची १

## प्रश्नावली (अभिभावक)

यी प्रश्नावली स्नातकोत्तर तह एम.ए. द्वितीय वर्षएको शोधपत्र तयार गर्ने प्रयोजनका लागि निमाृण गरिएका हुन् । शोधकार्य बाहेक यी प्रश्नावली र उत्तरहर गोप्य रहने छन् । शोधकार्य बाहेक अन्य प्रयोजनका लागि प्रयोग गरिने छैन । निम्न लिखित प्रश्नहरूको उत्तर दिर्य सहयोग गरिदिनु हुन विनम्र अनुरोध गर्दछु ।

**खण्ड (क)**

१. उत्तरादाताको नाम :

उमेर : लिङ्ग : ( ) पुरुष ( ) महिला

धर्म : भाषा :

शैक्षिक अवस्था : ( ) साक्षर ( ) निरक्षर

परिवारको किसिम ( ) एकल ( ) संयुक्त

२. तपाईको आम्दानीको स्रोत के हो ?

क) कृषि ख) व्यापार ग) रोजगारी

घ) पशुपालन घ) वैदेशिक रोजगार ङ) मिश्रित

३. यदि रोजगार आम्दानीको स्रोत भए कस्तो नोकरी गर्नुहुन्छ ?

क) सरकारी ख) निजी ग) अन्य

४. यदि सरकारी जागिर भए केमा आबद्ध हुनुहुन्छ ?

क) निजामति कर्मचारी ख) सरकारी सेवा वा संस्थान

ग) शिक्षक (घ) अन्य

५. यदि निजी क्षेत्रमा काम गर्ने भए केमा आबद्ध हुनुहुन्छ ?

क) निजी विद्यालय ख) कार्यालय

ग) सरकारी तथा गैर सरकारी कार्यालय घ) अन्य

६. तपाईको औषत आय कति हुन्छ ?

क) रु. २0000-३0,000 ख) रु. ३0,000-४0,000

ग) रु. ४0,000-५0,000 घ) रु. ५0,000-६0,000

ङ) रु. ६0,000 माथि

७. तपाईले छोरीलाई घरमा कति समय पढ्ने समय दिनुहुन्छ ?

क) एक घण्टा ख) दुई घण्टा ग) तीन घण्टा

घ) चार घण्टा ङ) चार घण्टाभन्दा बढी

८. तपाईको परिवारमा कृषि उत्पादनले कति समय पुग्छ ?

क) ३ महिनासम्म ख) ६ महिनासम्म

ग) ९ महिनासम्म घ) १२ महिनासम्म

ङ) एक वर्षभन्दा बढी

९. तपाईको क्षेत्रमा कुन अन्न बढी उत्पादन हुन्छ ?

..................................................

१०. तपाईको घरमा कति कोठा सङ्ख्या छन् ?

क) ४ वटा ख) ५ वटा ग) ६ वटा

घ) ६ भन्दा बढी

११. तपाईले कति सम्मको शिक्षा लिनुभएको छ ?

क) प्राथमिक शिक्षा ख) निम्न माध्यमिक शिक्षा

ग) माध्यमिक शिक्षा घ) उच्च माध्यमिक शिक्षा

ङ) स्नातक वा सोभन्दा माथि

१२. तपाईको घरमा भौतिक सुधिवाहरू के के छन् ?

...............................

१३. तपाईको घरमा बत्ती बाल्नका लागि के प्रयोग गर्नुहुन्छ ?

क) मट्टितेल ख) ब्याट्री

ग) विद्युत/सोलार घ) दाउरा ङ) अन्य

१४. तपाईंको घरबाट विद्यालयसम्म पुग्नका लागि कति समय लाग्छ ?

क) ०-१५ मिनेट ख) १५-३० मिनेट

ग) ३०-४५ मिनेट घ) ४५-६० मिनेट

ङ) १ घण्टाभन्दा बढी

१५. तपाईको घरमा कति जना परिवार सङ्ख्या हुनुहुन्छ ?

क) ३ जना ख) ४ जना

ग) ५ जना घ) ५ भन्दा बढी

१६. तपाईले छोराछोरी दुवैलाई समान व्यवहार गर्नुभएको छ ?

क) छ ख) छैन

१७. तपाईको घर कस्तो छ ?

क) कच्ची ख) पक्की

ग) छाप्रो घ) अन्य

तपाईले आफ्नो अमूल्य समय दिई सहयोग गर्नुभएकोमा तपाईलाई धन्यवाद दिन चाहन्छु ।

## अनुसुची २

## प्रश्नावली (विद्यार्थी)

१. विद्यार्थीको नाम :

कक्षा : रोल नं. : वर्ष :

बाबुको नाम :

आमाको नाम :

ठेगाना :

मनपर्ने विषय :

२. तपाई अघिल्लो कक्षाबाट कुन श्रेणीमा उत्तीर्ण हुनुभएको थियो ?

क) विशिष्ट ख) प्रथम ग) द्वितीय

घ) तृतीय ङ) कक्षा दोहोऱ्याएको

३. तपाई घरमा कति समय पढ्नुहुन्छ ?

क) बिहान ....... घण्टा ख) बेलुका ....... घण्टा

४. तपाईको दैनिक खर्च कति हुन्छ ?

क) रु. १० ख) रु. १५

ग) रु. ३० घ) रु. ४० ङ) घरबाटै ल्याउँछु

५. तपाईलाई दैनिक खर्च कसले दिनुहुन्छ ?

क) आमा ख) बुबा ग) दाइ/दिदी

६. तपाईको विद्यालयमा तपाई धेरै के कारणले अनियमित हुनुहुन्छ ?

क) चाडपर्व ख) विवाह, मृत्यु संस्कार

ग) स्वास्थ्य घ) अन्य

७. तपाईको विद्यालयमा छात्रछात्राको लागि छुट्टाछुट्टै शौचालय छ ?

क) छ ख) छैन

८. यदि छ भने प्रयोगमा आएको छ ?

क) छ ख) छैन

९. शौचालयमा पानीको व्यवस्था छ ?

क) छ ख) छैन

१०. तपाईको विद्यालयमा पुस्तकालय छ ?

क) छ　　　ख) छैन

११. यदि छ भने हप्तामा कति घण्टा पुस्तकालयमा अध्ययन गर्नुहुन्छ ?

क) ३० मिनेट　　　ख) १ घण्टा

ग) २ घण्टा　　　घ) ३ घण्टाभन्दा बढी

१२. तपाई पुस्तकालयमा कस्तो किसिमको पुस्तक पढ्नुहुन्छ ?

क) कथा　　　ख) कविता　　　ग) उपन्यास

घ) पाठ्यक्रमसँग सम्बन्धित　ङ) अन्य

१३. तपाईको परिवारमा मादक पदार्थ कसैले पिउनुहुन्छ ?

क) पिउनुहुन्छ　　　ख) पिउनुहुँदैन

१४. यदि पिउनुहुन्छ भने यसले पढाइमा असर पारेको छ ?

क) छ　　　ख) छैन

१५. तपाईको विद्यालयमा महिला/पुरुष छात्रावासको व्यवस्था छ ?

क) छ　　　ख) छैन

१६. तपाईलाई कम्प्युटर सम्बन्धित ज्ञान छ ?

क) छ　　　ख) छैन

१७. यदि थाहा छ भने प्रयोग गर्नुहुन्छ ?

क) गर्छु　　　ख) गर्दिनँ

१८. तर्पालाई छोरी भएको कारणले भेदभावको अनुभूति हुन्छ, हुँदैन ?

क) हुन्छ　　　ख) हुँदैन

१९. यदि भेदभाव गरेको छ भने कसले गरेको छ ?

क) बुबा　　　ख) आमा　　　ग) दिदी बहिनी

घ) दाजुभाइ　　　ङ) छिमेकी

२०. तपाईको परिवारमा पढाइप्रति सहयोग गर्ने कोही हुनुहुन्छ ?

क) छ　　　ख) छैन

२१. तपाई पढेर के गर्छु जस्तो लाग्छ ? भविष्यमा कस्तो पेशा रोज्नु भएको छ ?

...................................................

२२. तपाईलाई आफ्नो शैक्षिक स्तर कमजोर भएको छ जस्तो लाग्छ ? यदि लाग्छ भने के के कारणले होला ?

२३. तपाईको विद्यालयमा के के भौतिक सुविधा दिएको छ जस्तो लाग्छ ?

अन्त्यमा तपाईले आफ्नो अमूल्य समय दिएर सहयोग गर्नुभएकोमा तपाईलाई धन्यवाद ।